मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

नमोबुद्ध जात्राः
बौद्ध धर्मालम्बीको 'पितृ' सम्झने मेला
समाचार–पृष्ठ ७ मा



वर्ष ३ • अंक ३ • २०८१ साल कार्तिक २७ गते मंगलबार • Tuesday 12, November 2024 • सूर्योदयः बिहान ६:२३ बजे • सूर्यास्तः साँझ ५:१६ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## उपनिर्वाचनका लागि कांग्रेस सक्रिय

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसको मधेश प्रदेश कार्य समितिले स्थानीय निकायको उपनिर्वाचनमा ७ वटै क्षेत्रमा उपसमिति परिचालन गर्ने भएको छ । सोमबार बसेको समितिको बैठकले यस्तो निर्णय गरेको हो । मधेशमा सबैभन्दा धेरै जनआधार कांग्रेसको रहेकाले वडास्तरका सात वटै उपनिर्वाचनमा जिल्लाबाट आएको सिफारिसअनुसार उम्मेदवारलाई टिकट दिइने प्रदेश प्रचारप्रसार प्रमुख नितेश गुप्ताले जानकारी दिए ।

कात्तिक २४ गते बसेको कांग्रेस मधेश प्रदेश पदाधिकारी एवम् कार्य सम्पादन समितिको बैठकले गरेको निर्णयलाई समेत बैठकले अनुमोदन गरेको उनले बताए । मङ्सिर १६ गते मधेश प्रदेशका सप्तरीमा २, धनुषामा १, महोत्तरीमा १ र रौतहटमा ३ सहित ७ स्थानीय तहमा वडाध्यक्ष पदमा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनमा सक्रियताका साथ लाग्न बैठकले सम्पूर्ण पार्टी पंक्तिलाई आह्वान गरेको छ ।

बैठकले उपनिर्वाचनलाई परिणाममुखी बनाउन धनुषामा पूर्वमन्त्री रामसरोज यादव, सप्तरीमा महामन्त्री उपेन्द्र यादव, सहमहामन्त्री परशुराम चौधरी, महोत्तरीमा नरेन्द्र यादव, रौतहटका लागि सहमहामन्त्री जयनारायण यादव र प्रदेश सदस्य सूर्यबहादुर थापालाई जिम्मेवारी दिएको छ । त्यस्तै, नेपाली कांग्रेस र नेकपा एमालेको नेतृत्वमा गठन भएको वर्तमान सरकारलाई सफल बनाउन प्रदेशस्तरीय दुई दलीय राजनीतिक संयन्त्र बनाउने केन्द्रीय निर्णयअनुसार कांग्रेसको तर्फबाट प्रदेश सभापति कृष्णा यादवको संयोजकत्वमा ३ सदस्यीय संयन्त्र निर्माण गर्ने निर्णय बैठकले गरेको छ । एकसय दिने केन्द्रीय अभियान र क्रियाशील सदस्यता वितरणलगायत प्रदेश मातहतका निकायको सुपरीवेक्षण र समन्वयका लागि ८ वटै जिल्लामा खटाएका प्रदेश पदाधिकारीको जिम्मेवारी निर्वाहलाई प्रभावकारी बनाउने निर्णय समेत भएको प्रचारप्रसार प्रमुख गुप्ताले जानकारी दिए ।

**मधेशमा कहाँ कहाँ उपनिर्वाचन ?**
मधेश प्रदेशका सात स्थानमा मंसिर १६ गते उपनिर्वाचन हुने भएको छ । सप्तरी, धनुषा, महोत्तरी, रौतहटका सात स्थानमा निर्वाचन हुन लागेको हो ।सप्तरीको डाक्रेश्वरी नगरपालिका–१ र ४, धनुषाको धनुषाधाम नगरपालिका–१, महोत्तरीको रामगोपालपुर नगरपालिका–२, रौतहटको ईशनाथ नगरपालिका–७,रौतहटको राजपुर नगरपालिका–६र बाराको गढीमाई नगरपालिका–८ मा उपनिर्वाचन हुन लागेको हो ।

**तोकिए मुख्य निर्वाचन अधिकृत**
निर्वाचन आयोगले उपनिर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरू नियुक्त गरेको छ ।मंसिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनका लागि आयोगले सोमबारदेखि लागू हुनेगरी मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूको नियुक्त गरेको हो ।आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम ३२ जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको पदमा र ६ जना राजपत्राङ्कित कर्मचारीलाई निर्वाचन अधिकृतको पदमा नियुक्त गरेको हो ।मंसिर १६ गते स्थानीय तहका विभिन्न ४४ पदमा निर्वाचन हुँदैछ ।

## मधेशीले धेरै अधिकार पाउन बाँकीः यादव

**मधेशदृष्टि**
**रौतहट ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशी जनताले अझै धेरै हकअधिकार पाउन बाँकी रहेको बताएका छन् ।मधेशीले जनसंख्याका आधारमा बजेट, राज्यको सबै निकायमा सम्मानजनक सहभागिता, प्रतिनिधित्व, अवसर, शासन–प्रशासन, नीति, कानून बनाउने अधिकार नपाएसम्म संघर्ष जारी रहने अध्यक्ष यादवले बताए ।रौतहटपार्टी कमिटीले गढिमाई नगरपालिका–८ विरनगरामा गरेको जनसभामा अध्यक्ष यादवले यस्तो बताएका हुन् ।




राज्यले सधैँ मधेश र मधेशी जनतालाई उपेक्षा गर्दै आएकाले मधेशमा सोचेजस्तो विकास हुननसकेको तथा मधेशी जनता अझै अधिकारसम्पन्न हुन् नसकेको उनले बताए ।देशको आधा भन्दा बढी जनसंख्या मधेश प्रदेशमा भएपनि सरकारले जनसंख्याका आधारमा विकास बजेट नदिँदा विकासमा मधेश पछाडि परेको उनले बताए ।मधेशमा लगभग ५४ प्रतिशत जनसंख्या भएपनि शासक वर्गले १२ प्रतिशत मात्र रकम विकासका लागि छुट्याउने गरेका कारण मधेशमा सोचे जस्तो विकास हुननसकेको उनको भनाइ थियो। उनले प्रश्न गरे, '१२ प्रतिशत मात्र बजेटले ५४ प्रतिशत जनसंख्या भएको मधेश प्रदेशको कसरी विकास हुन्छ ?'

मधेश र मधेशी जनता सधैँ शासक वर्गको गुलाम बनिरहोस्, मधेशमा विकास नहोस् भन्ने उद्देश्यले नै राज्यले मधेशमा लगानी गर्न नचाहेको यादवले टिप्पणी गरे ।मधेशी जनताले मधेशबाट कांग्रेस र कम्युनिष्टलाई परास्त नगरेसम्म मधेशीले पूर्ण अधिकार पाउन नसक्ने यादवको दाबी थियो । पूर्वउपप्रधानमन्त्रीसमेत रहेका जसपा नेपालका अध्यक्ष यादवले शासक वर्गको उपेक्षाका कारण मधेश पछाडि परेको बताए ।

मधेशीमाथि सधैँ दमनशोषण गर्ने शासक वर्गलाई परास्त नगरेसम्म मधेश र मधेशी जनताले कहिल्यै अधिकार पाउन नसक्ने भएको हुँदा आफना अधिकार एवम् पहिचानका लागि आउँदो निर्वाचनमा जसपाका उम्मेदवारलाई जिताउन अध्यक्ष यादवले सबैलाई आग्रह गरे । उनले मधेशका जिल्लाहरु चरमगरिबी, अशिक्षा र बेरोजगारीको चपेटामा परेको बताए । शासक वर्गकै कारण रौतहट शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायत सबै कार्यमा देशमै सबैभन्दा पछाडि पर्नु विडम्बना रहेको उनले बताए । पटकपटक सत्तामा पुगेर देशको नेतृत्व गरेका नेकपा एमाले, कांग्रेस, माओवादीलगायतका दलले कम लगानी गरेकै कारण रौतहटमा गरिबी, बेरोजगारी, अशिक्षा बढनुकासाथै आर्थिक, सामाजिक, शिक्षा र स्वास्थ्यको दृष्टिकोणले जिल्ला पछाडि परेको उनले बताए ।

शासक वर्गले मधेशी, जनजाति, आदिवासी, थारु, अल्पसंख्यक, मुस्लिमलगायत समुदायलाई अधिकार दिन नचाहेको र पटकपटक भेदभावसमेत गर्दै आएकाले आउँदो निर्वाचनमा मधेशलाई अधिकार दिन नचाहनेलाई आफ्ना अमूल्य मत नदिन उनले सबैलाई आग्रह गरे । अधिकार, विकास र समृद्धिका नाममा पटकपटक मधेशीलाई ठग्ने काम मात्र गरेकोले मधेशी जनताले उनीहरुलाई अब राम्ररी सवक सिकाउने बेला आएको उनले टिप्पणी गरे ।

मधेशीको भोटबाट जितेर सत्तामा पुगेपछि शासक वर्गले मधेशीको माग र मुद्दा बिर्सिने गरेका कारण ती शासक वर्गलाई चुनावमा साथ नदिन उनले सबैलाई आग्रह गरे । मधेशले कहिले राजालाई त कहिले कांग्रेस, कम्युनिष्ट, राप्रपासमेतलाई विश्वास गरी जिताए तर तिनैलै नै मधेशीको हकअधिकार कुण्ठित गरेको उनले आरोप लगाए । दुधको साक्षी बिरालोलाई राख्नु नै ठूलो भुल भएको र अब यस्तो गल्तीसुधार्दै मधेश र मधेशी जनताको एक मात्र पार्टी जनता समाजवादी पार्टी नेपाललाई नै जिताउन उनले अनुरोध गरे ।

मधेशी जनताको हकअधिकार र पहिचानका लागि सधैँ लड्दै आएको एक मात्र पार्टी जसपा नेपाल बाहेक अरु कुनै पनि दलले मधेशीलाई मुक्ति दिलाउन नसक्ने उनले दाबी गरे ।विगतमा भएका मधेश जनविद्रोहबाट मधेशी जनताले केही अधिकार प्राप्त गरेको र अझै धेरै अधिकार पाउन बाँकी नै रहेकाले बाँकी अधिकारका लागि आफूहरुको संघर्ष जारी रहेको उनले बताए ।कांग्रेस, एमाले र माओवादीका कारण देश अहिले चरम गरिबीको चपेटामा परेको उनले आरोप लगाए। लोकतन्त्र स्थापना भएको ३५ वर्षदेखि सरकारको नेतृत्व गर्दै आएपनि कांग्रेस र कम्युनिष्टले देश बनाउन नसकेको उनले बताए । कांग्रेस र कम्युनिष्टले देशमा विकास गर्नुको सट्टा लुटतन्त्रमा लागेका कारण देश चरम गरिबीको भूमरीमा फसेको उनले टिप्पणी गरे । जनतालाई मालिक बनाउन लोकतन्त्र आएको भएपनि कांग्रेस र कम्युनिष्ट मिलेर देश र जनतालाई कङ्गाल बनाइदिएको उनले बताए ।

उनले भने, 'यही हालत रह्यो भने नेपाल विश्वकै कङ्गाल देश बन्नेछ, लुटतन्त्रलाई रोक्न र देशलाई अझै कङ्गाल हुन् नदिन संघर्ष आवस्यक रहेको उनले औँल्याए ।देशमा संघीयता आएको भएपनि संघीयता पूर्णरूपमा लागू हुननसक्दा मधेशी जनता धेरै अधिकार पाउनबाट वञ्चित रहेको उनले बताए ।लामोसमयदेखि सत्ताको बागडोर सम्हाल्दै आएका कांग्रेस र कम्युनिष्टले देशमा लुटतन्त्र मच्चाउनुबाहेक अरु केही गर्न नसकेको उनले बताए ।

कांग्रेस र कम्युनिष्टले देशको नेतृत्व गरेदेखि नै देशमा भएका सबै उद्योग, कलकारखाना बन्द भएर देश चरम गरिबी र बेरोजगारीको चपेटामा परेका कारण देश चलाउन अब कांग्रेस एवम् कम्युनिष्टले पूर्ण रूपमा असफल भइसकेको उनले बताए ।जनता समाजवादी पार्टी नेपालले मात्र देश बनाउन सक्ने र मधेशी जनताको बाँकी हकअधिकार दिलाउन सक्ने भएकाले अबको निर्वाचनमा जसपा नेपाललाई बहुमत दिएर निर्वाचित गराउन उनले सबैलाई आग्रह गरे ।

जिल्ला अध्यक्ष श्याम बिहारी यादवको अध्यतामा सम्पन्न कार्यक्रममा जसपा नेपालका महासचिव एवम् मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, अर्का पूर्वमुख्यमन्त्री सरोजकुमार यादव, पार्टीका केन्द्रीय सदस्य एवम् मधेश प्रदेशका पूर्व कृषिराज्यमन्त्री योगेन्द्र राय यादव, प्रदेशका पूर्वराज्यमन्त्री शेख फूलबाबु, प्रदेश सांसद शोभा देवी, किरण ठाकुर, युवा नेता राजकुमार दासलगायतले मन्तव्य राखेका थिए ।

## प्रदेशमा नीति तथा प्राथमिकतामा स्थिरता आवश्यकः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सरकारको तहमा राजनीतिक परिवर्तनका कारण नीतिगत व्यवस्था र प्राथमिकतामा बदलाव आउन नहुने बताएका छन् । उनले अल्पमत र बहुमतका आधारमा कार्यपालिका परिवर्तन हुने शासकीय प्रणाली रहेकाले सरकारको दृष्टि, उद्देश्य र लक्ष्य प्राप्तिका लागि स्थायी सरकार अर्थात् कर्मचारीतन्त्र क्रियाशील हुनुपर्ने उल्लेख गरे ।

सुशासन कार्यान्वयन र सङ्घीयता कार्यान्वयनमा मधेश प्रदेशको अवस्थाबारे हाम्रो भिजन मिडियाले गरेको अध्ययनको सारसंक्षेप प्रस्तुतीकरण कार्यक्रममा सोमबार जनकपुरधाममा बोल्दै मुख्यमन्त्री सिंहले स्वास्थ्यमा पहुँच र सेवाप्रवाह, शिक्षाको सुनिश्चितता, विस्तार र गुणस्तर कायम, सिँचाइ तथा खानेपानी व्यवस्थापन, कृषिकार्यका लागि चाहिने सामग्रीको उपलब्धता र प्राप्तिलगायतका कार्य सरकारको प्राथमिक विषय भएकाले यसका लागि बाटो निर्धारण गर्ने दायित्व कर्मचारीको भएको बताए ।

उनले भने, 'एउटा सार्थक र परिमाणयुक्त गन्तव्यमा सरकारलाई पुगिरहनुपर्छ । त्यसक्रममा मैले केके गरेँ र ती काम गरिरहँदा आत्मसन्तुष्टि भयो कि भएन भन्ने कुराको समीक्षा राजनीतिक नेतृत्वसँगै कर्मचारी नेतृत्वले पनि गर्नुपर्छ ।'मुख्यमन्त्री सिंहले रिक्तता र बेथिति छन् भन्दैमा सरकार यथास्थितिमा नरहने औँल्याउँदै चुनौतीउछिन्न कर्मचारीमा उत्प्रेरणा र क्रियाशीलता आवश्यक भएको चर्चा गरे ।

केही समयअघि आफैँले मन्त्रालयलगायत विभिन्न स्वास्थ्य एकाइमा छड्के गरेको भन्दै मुख्यमन्त्री सिंहले कर्मचारीको उपस्थिति र सेवाप्रवाहको प्रभावकारिताबारे मन्त्रालयका सचिवले नियमित ख्याल गर्नुपर्ने बताए ।उनले अध्ययनक्रममा देखिएका कमीकमजोरीबारे समीक्षा गरी तिनलाई सच्चयाउन विभिन्न मन्त्रालयका नेतृत्वलाई निर्देशन दिए ।

मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले जनतालाई केन्द्रमा राखेर सरकारले काम गर्नुपर्ने भन्दै भूगोललाई नभई जनसंख्यालाई सेवा पुर्याउनुपर्ने बताए । उनले भने, 'मान्छे नभएको ठाउँमा जङ्गल उम्रिन्छ, मान्छे भएको ठाउँमा घर बन्छ र सेवा घरलाई चाहिन्छ ।'उनले भ्रष्टाचारको विरोध, पारदर्शिता र इगभर्नेन्सजस्ता विषयबाट सुशासन प्रवद्र्धन हुने भन्दै जनशक्ति तथा संयन्त्रको क्षमता अभिवृद्धि, कार्यमा प्रभावकारिता तथा विस्तारबाट समेत असल शासनमा मद्दत पुग्ने उल्लेख गरे ।

सभामुख मण्डलले सरकारको राजनीतिक नेतृत्व परिवर्तन हुन्छ र आफू रहिरहने भन्ने कर्मचारीको मनोविज्ञान परिवर्तन हुनुपर्नेमा जोड दिँदै मधेशीलाई भ्रष्ट भन्नेहरू महापापी भएको आरोप लगाए । उनले भ्रष्टाचारको परम्परा र सञ्जाल तोड्ने चुनौती मधेश सरकारसमक्ष रहेको पनि बताए । कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधनसिंह कोइरी, विभिन्न मन्त्रालयका सचिवलगायतले आआफ्ना धारणा राखेका थिए । अध्ययन प्रतिवेदनमा प्रदेशको समृद्धिका लागि राजनीतिक एकता, नीतिगत स्थिरता, सामूहिक प्रतिबद्धता, कर्मचारीमा उच्च उत्प्रेरणा र इच्छाशक्ति, आवश्यकताका आधारमा कार्यक्रम निर्माण आदि सुझाइएको छ ।

## चुरे संरक्षणमा बेलायतको सहयोगअपेक्षा

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नेपालको विकास प्रक्रियामा बेलायती सहयोगको सराहना गरेका छन् । उनले नेपालको विकासमा बेलायतको निरन्तर, उत्साहप्रद र उपलब्धिमूलक सहयोग रहँदै आएको भन्दै पछिल्लो समयमा नेपालका भूइँतहका आवश्यकताअनुसार सहयोग परियोजना सञ्चालन गर्ने बेलायती सरकारको प्रयास प्रशंसनीय रहेको उल्लेख गरे ।

बेलायत सरकारको वातावरणमैत्री आर्थिक वृद्धि कार्यक्रमका टोली नेता सामसहितका अधिकारीसँग जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सोमबार भएको भेटमा मुख्यमन्त्री सिंहले मधेश प्रदेशसहित देशले जलवायु परिवर्तनलगायत पर्यावरणीय संकट भोगिरहेको भन्दै नेपाललाई हरितपथ विकासमा ल्याउन वैदेशिक लगानी आउनु सुखद रहेको बताए । उनले देशले कम कार्बन उत्सर्जन गरे पनि त्यसबापत पाउनुपर्ने क्षतिपूर्तिका विषयमा अन्तर्राष्ट्रिय समुदाय गम्भीर हुनुपर्ने विषयमा नेपाल सरकारले गराउँदै आएको ध्यानाकर्षणबारे चर्चा गर्दै जलवायु परिवर्तनका कारण मधेश प्रदेशले बाढीपहिरो, खेतीयोग्य जग्गाको कटान, पटान र भसान, खानेपानी तथा सिँचाइ जलको सङ्कट आदि भोगिरहेको उल्लेख गरे ।

उनले भने, 'गर्मीयाममा सुक्खा हुन्छ । जाडोयाम जानेबेलामा ठिहिर्याउने चिसो हुन्छ होला । अहिले स्वेटर लगाउने बेलामा पसिनाले निथुरक्क भिजाइरहेको छ ।'मुख्यमन्त्री सिंहले चुरे संरक्षणका लागि पुनर्जलीयकरण र जलपुनर्भरण गरी भूमिगत जलको सतहवृद्धि गर्ने, मधेश प्रदेशको पूर्वदेखि पश्चिमसम्म नदी जोड्ने योजनाबाट पानी व्यवस्थापन, बगरलाई पुनः कृषिभूमिमा परिणत गर्ने, बाढी व्यवस्थापन गरी सिँचाइ जलको उपलब्धता बढाउने योजनामा प्रदेश सरकारले काम गरिरहेको भन्दै ती काममा बेलायती सहयोगको अपेक्षा गरे ।

मुख्यमन्त्री सिंहले प्रदेश सरकार सार्वजनिक तथा निजी साझेदारीमाऔद्योगिकीकरणको सम्भावनामाथि नीतिगत तथा कार्यगत प्रक्रिया अघि बढाइसकेको जानकारी दिँदै प्रदेशमा ठूलठूला उद्योग स्थापना गर्न बेलायत सरकारमार्फत वैदेशिक लगानीको अपेक्षासमेत गरे ।उनले प्रदेश सरकारको महत्वाकांक्षी, अपरिहार्य र महत्त्वपूर्ण योजनाका रूपमा रहेका आइटी पार्क, साक्षरता अभियान र टिच फर मधेशमा समेत बेलायती सहयोगको खाँचो रहेको औँल्याए । मुख्यमन्त्री सिंहले प्रदेशको आवश्यकताअनुसार आफ्नो आग्रहमा बेलायत सरकारले फोहोरमैला व्यवस्थापन, पर्यटन विकासलगायत परियाजनाबारे अध्ययन गरिरहेकामा उच्च प्रशंसा गर्दै इनोभेसन सेन्टर, शिक्षकका लागि एड्भान्स तालिम केन्द्रका लागि पनि बेलायत सरकारको मदत आवश्यक भएको बताए । ग्रीन ग्रोथ नेपाल बेलायत सरकारको नयाँ कार्यक्रम हो ।

सन् २०२४ देखि २०३१ सम्म सञ्चालन हुने कार्यक्रमले नेपालमा हरित, दिगो र समावेशी विकासलाई बढावा दिनेछ ।कार्यक्रमले स्थायी आर्थिक नीतिलाई मजबुत गर्दै हरित र जलवायुमैत्री आधारभूत संरचना, हरित उद्योग र सेवामा लगानी विस्तार गर्नेछ । यसले नेपालको सतत् विकासलाई रेखांकित गर्दै पर्यावरण र प्राकृतिक सम्पदाको रक्षा गर्दै समृद्धिमा मदत गर्नेछ । कार्यक्रमले हरित, जलवायुमैत्री र कम कार्बन उत्सर्जन हुने शहरीकरणलगायत पूर्वाधार विकासमा जोड दिनेछ ।

हमरासभक बात : राष्ट्रिय समाचार समिति मैथिली भाषामें समाचार सुरु केने अछि । हमरासभक पाठकसभ, मैथिली समूदायके सेहो छनि । जाँहिकरण हमसभ हमरासभक पाठकसभसँग आत्मीयताक लेल मैथिली समाचार सुरु केने छि । अपनेँसभक सल्लाह, सुझाव आ प्रतिक्रियाक अपेक्षा करैत छिं । - सम्पादक

## आयसँ कोप–२९

# नेपाल जलवायुजन्य जोखिम के उदाहरण प्रस्तुत करैत






**जनकपुरधाम ।**
सोलुखुम्बुके खुम्बु पासङलहमु गाउँपालिकाके थामेमे पछिला साउन ३२ गते दुपहरमे अचानक बाढि आबि गेल छल । स्थानीय लोक के ई नहि लागल जे अचानक बाढि आबि जायत । देखैत–देखैत क्षणिक भरमे बाढीसँ थामे गाउँ दलदल मे बदलि गेल ।
‘अखुनतो ओ घटना सपना जकाँ बुझाइत अइछ,’ खुम्बु पासङलहमु गाउँपालिकाके अध्यक्ष टासी ल्हामू शेर्पा लेल ।
‘हम सब जलवायु जोखिमके चपेटमे छी,’ ओ कहैत छइथ, ‘कोन दिन हिमस्खलन क शिकार होइत, एहि ठामक निवासी एहि बात क चिंता मे छइथ ।’
वितल आसिन १०, ११ आ १२ गते काठमाण्डू उपत्यका सहित देशक अधिकांश स्थानमे वर्षाक कारण आएल विपद् एखनो लोकके डरा दैत अइछ । राष्ट्रीय विपद् जोखिम न्यूनीकरण आ व्यवस्थापन प्राधिकरणके आंकड़ाके अनुसार, पछिला तीन दिनमे २५० लोकके जान चइल गेल । १८ लोक एखनो लापता अइछ । कुल १७८ लोक घायल भेल छल । प्राधिकरण आंकड़ाके अनुसार, लगभग ६,००० निजी घर क्षतिग्रस्त भेल अइछ ।
प्राधिकरणके तथ्याङ्कअनुसार अइ वर्ष मनसुनजन्य विपद्के कारण चार सय ९५ गोटेके अकालमे जान गेल त ६६ गोटेके बेपत्ता तथा पाँच सय २२ गोटे घायल भेल छइथ । जलवायु परिवर्तनसँ भेल एहन जोखिमके बहुतेक घटनासभ अइछ । आइसँ अरजरबैजानक बाकुमे भरहल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसीसीसी) के पक्ष राष्ट्रसभक २९ औं सम्मेलन (कोप–२९) सुरु भेल अइछ । ओ सम्मेलन नोभेम्बर २२ तारिख (अगहन ७ गते) धैर चलत ।
नेपालक देससँ ओ सम्मेलनमे सहभागी होबाक लेल राष्ट्रपति रामचन्द्र पौडेल रविबारके दिन बाकु प्रस्थान केने छैथ । ओ अइ साल कोपमे हिमाल तथा पृथ्वीके सुरक्षाक लेल ध्यान केन्द्रिय कराएत ।
एक सय ९२ सँ बेसी देशके राष्ट्रप्रमुखसँ उच्च पदस्थ अधिकारीसभ समक्ष ओ हिमालक सुरक्षाके मुद्दाकँ प्राथमिकताके सङ प्रस्तुत करबाक कार्यक्रम तय भेल राष्ट्रपतिके सचिवालय जनौलक अइछ ।
जलवायुविद् मञ्जित ढकाल सेहो जलवायुजन्य जोखिमके ज्वलन्त उदाहरणके लेल नेपाल कोपमे प्रस्तुत करएबला एजेण्डा कार्यान्वयनक लेल बेसी सहयोग होबाक बतौलैन अइछ ।

**जलवायुक बढ़ैत जोखिमके घटेबाक लेल पैरवी**
एसियाली विकास बैंक (एडीबी) क शोधसँ जलवायु परिवर्तनक प्रभावसँ विकासशील एसिया तथा प्रशान्त क्षेत्रमे कूल गार्हस्थ उत्पादन (जीडीपी) कँ सन् २०७० धैर १७ प्रतिशत घटत से देखेने अइछ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) के अध्ययनअनुसार हिन्दूकुश हिमालय क्षेत्रमे जलवायु परिवर्तनके असर विश्वके औसतसँ तीन गुणा बेसी अइछ । इसिमोडके अनुसार उक्त क्षेत्रमे सन् २०११ सँ सन् २०२० के एक दशकके तुलनामे हिमनदी पघलबाक क्रम ६५ प्रतिशतसँ वृद्धि भेल अइछ ।
पर्वतीय क्षेत्रमे भेल जलवायु परिवर्तनक प्रभाव न्यूनीकरण आ अन्य जलवायुजन्य जोखिम घटेबाक लेल विश्व समुदायकँ नेपाललगायत विकासोन्मुख देशसभ दबाब देबाक तैयारी अइछ ।

**कोपके मुख्य छ एजेण्डा**
जलवायुजन्य जोखिम न्यूनीकरण करबाक लेल पुरा देशक हितके लेल सरकार मुख्य छ टा एजेण्डाकँ उच्च प्राथमिता देने छइथ । वन तथा वातावरण मन्त्रालयक अनुसार जलवायु वित्त, जलवायुजन्य हानी नोक्सानी, न्यूनीकरण कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा प्रविधि आ क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशितालगायत छ टा विषयगत कार्यपत्र तैयार भेल जानकारी देलैन ।
‘नेपालक राष्ट्रिय स्थितिपत्र सेहो तैयार क कोपमे आइन चुकल छी, अइमे राष्ट्रिय अवधारणपत्र, जलवायु अनुकूलन, जलवायु वित्त, कृषि आ खाद्य प्रणाली, स्वास्थ्य आ जलवायु परिवर्तन, ऊर्जा सङ्क्रमण आ दक्षता, पाइन (पानी) आ जलवायुजन्य कार्य, जलवायुके लेल प्रकृतिलगायत विषयवस्तुसभ समावेश केने अइछ,’ मन्त्रालयक सहसचिव डा बुद्धि पौडेल कहलैन ।
वितल साल युएइके दुबईमे कोप–२८ मे स्थापना कएल जलवायुजन्य हानी–नोक्सानीसम्बन्धी कोषके प्रभावकारी कार्यान्वयनके लेल दबाब देबाक तैयारी भ रहल अइछ । रासस

## राष्ट्रपति पौडेल आ महासचिव गुटेरेसबीच भेट

राष्ट्रपति रामचन्द्र पौडेल आ संयुक्त राष्ट्रसङ्घके महासचिव एन्टेनियो गुटेरेसबीच संक्षिप्त भेटघाट भेल अइछ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रसभक २९औं सम्मेलन (कोप–२९) मे सहभागी होबाक लेल कतारक दोहासँ अजरबैजानक बाकु जेबाक क्रममे जहाजमे हुनकासभके भेट भेल अइछ । भेटमे हुनकासभहक बीच जलवायु परिवर्तनसँ उत्पन्न समस्याबारेमे संक्षिप्त बातचित भेल अइछ । ‘जलवायु परिवर्तन अपनासभके साझिया समस्या छी । हिमाल, पृथ्वी आ मानव समुदायक रक्षाक लेल, ई समस्या समाधानक लेल अपनासभके एक होइ पड़त‘, बातचितके क्रममे राष्ट्रपति पौडेलके भनाइ उद्दत करैत हुनकर प्रेस सल्लाहकार किरण पोखरेल जानकारी देलैन । महासचिव गुटेरेस राष्ट्रपति पौडेल बसैल ठामँ आइब भेटने छलैथ । आइसँ सुरु भेल कोप–२९ सममेलनमे भाग होबाक लेल उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलके नेतृत्व करैत राष्ट्रपति पौडेल कतारक दोहा होइत अजरबैजान आइब गेल छइथ ।

# देशभैर शंखधर दिवस मनाएल जा रहल

नेपाल संवत्के प्रवर्तक शङ्खधर साख्वाः लोक कल्याणकारी काजकेँ संस्मरण करैत आइ देशभैर २५औं शंखधर दिवस मनाएल जा रहल अइछ ।
साख्वाः देशक सम्पूर्ण जनताके कृणमोचन क लोक कल्याणकारी काज केलाक बाद देशेके नामसँ नेपाल संवत् शुरू केने छलाह । तत्कालीन कृष्णप्रसाद भट्टराई नेतृत्वक मन्त्रिपरिषद् वएह ऐतिहासिक पुरुषके लोक कल्याणकारी काजके सम्मान स्वरुप २०५६ अगहन २ गते (११२० कछलाथ्व दशमी)के दिन साख्वाःकेँ राष्ट्रिय विभूति घोषणा केने छल । हरेक वर्ष कछलाथ्व दशमीके दिन देशभैर नेवाः समुदाय शङ्खधर दिवसक रुपमे विभिन्न कार्यक्रमके आयोजन क हुनकाप्रति सम्मान अर्पण करैत आएल छइथ ।
शंखधर दिवसक अवसरमे न्हू दँ ११४५ राष्ट्रिय समारोह समितिक आव्हान आ काठमाण्डू वाड नं १५, २७ आ २८ के विभिन्न सङ्घ संस्थाद्वारा आइ वाड नं १५ चागल, लखुतीर्थमे आयोजित समारोहमे शङ्खधरके सालिकमे माल्यापर्ण क सम्मान अर्पण कएल गेल छल ।
ताहि अवसरमे उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह ऐतिहासक पुरुष शङ्खधरके बारेमे अध्ययन अनुसन्धान क अज्ञात तथ्यसभ बाहर अनबाक लेल एक प्रतिष्ठान बनेबाक अभियानमे प्रयास करबाक लेल सबसँ आग्रह केलैन ।
समितिका अध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठले शंखधर कुनै काल्पनिक पात्र नभई इतिहास पुरुष होइत अइछ कहैत ओ हुनका सन उदार हृदयसँ सामाजिक न्यायक दिशा मे आगू बढबाक कामना कैलन ।
कार्यक्रममे न्हूदँ राष्ट्रिय संरक्षण समाजक अध्यक्ष प्राडा नरेशमान बज्राचार्य, नेवा देय् दबूक अध्यक्ष पवित्र बज्राचार्य, अधिकारकर्मी मल्ल के सुन्दर, पूर्व मन्त्री भीमसेनदास प्रधानलगायत व्यक्तित्वसभ उपस्थित छलैथ ।
भद्रमतिआ विष्णुमति नदीक सङ्गम स्थल लखुतीर्थमे शुभसाइत देख शङ्खधरद्वारा निकलबाओल गेल बाउल सोनामे परिणत भेल आ तहिँसँ कृणमोचन कदेलैन से जनविश्वास अइछ । रासस




## पाकिस्तानक प्रधानमन्त्रीसङ राजदूत अधिकारीक बिदाइ भेट



पाकिस्तानके लेल नेपाली राजदूत तपस अधिकारी पाकिस्तानक प्रधानमन्त्री मुहम्मद सहबाज सरिफसँ बिदाइ भेट केलैन अइछ । अपन कार्यकाल पूरा क स्वदेश अएबाक क्रममे राजदूत अधिकारी इस्लामाबादस्थित प्रधानमन्त्री कार्यालयमे बिदाइ भेट केने छइथ ।
तइ अवसरमे नेपाल आ पाकिस्तानबीचके द्विपक्षीय सम्बन्ध, दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) मार्फत क्षेत्रीय सहकार्यलगायतके विषयमे बातचित भेल ओहिठामँके नेपाली दूतावास जनौलक अइछ ।
पाकिस्तानक प्रधानमन्त्री सरिफ राजदूत अधिकारीके कार्यकालमे दुनु देशके बीच सम्बन्ध आओर मजबुद भेल उल्लेख करैत अधिकारीके अगिला कार्यकाल सुखद् रहौक से हो कामना केने छइथ ।
ताहि अवसरमे पाकिस्तानके उपप्रधानमन्त्री, परराष्ट्रमन्त्री मुहम्मद इशक दर, प्रधानमन्त्री सरिफके परराष्ट्र मामिलासम्बन्धी विशेष सहायक तारिक फतेमी, पाकिस्तानके परराष्ट्र सचिव अमना बोलाचक सङे नेपाली दूतावास उपप्रमुख लोकबहादुर क्षेत्रीलगायतके उपस्थिति छल ।



# छठको ‘सनेस’को मौसम



**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेशको मिथिलाक्षेत्रका दीपावली र छठसहितका मुख्य चाडबाड भर्खर सकिएका छन् । अहिले चाडपर्व सकेसँगै मैथिललाई खेतीपातीमा धान थन्क्याउने र हिउँदेबाली लगाउन भ्याइनभ्याइ छ । यसै व्यस्ततावीच मैथिललाई छठको ‘सनेस’ (कोसेली) पु¥याउने चटारो छ ।

छठ सकेका मैथिल परिवारका गृहिणी अहिले नन्द, आमाजू, फुपू सासू, छोरी र मितमितिनी कहाँ कोसेली पठाउन ठकुवा पकाउन तथा भुसुवा (कसार) बटार्न व्यस्त छन् । पर्वको कोसेली यी सम्बन्धमा पठाउने स्थापित परम्पराले अहिले मिथिलानी (मैथिल गृहिणी) को व्यस्तता बढाएको हो । ‘कति धान काटिएर पसी (काटेको धान खेतमा फिजाएर सुकाइने काम)मा छ, कति बोटमै पाकेर पहेँलपुर छ, वर्षभरि खाने अन्न थन्क्याउनु छ’, भङ्गाहा–४ रामनगरकी शान्तिदेवी साह भन्छिन्, ‘यसैबेला छठको सनेस पठाउन पनि भ्याइनभ्याइ छ ।’ तीन छोरी कहाँ कोसेली पठाइसक्नुभएकी उनले अब दुई नन्द र एक फुपूसासू कहाँ पुग्न बाँकी रहेको बताइन् ।

गृहिणीहरु कोसेली बनाइरहँदा घरका पुरुषले खेतीपातीका काम र कोसेली पु¥याउने कामको चाँजो मिलाउनु परेको छ । धान काट्ने, दाईं गर्ने, थन्क्याउनेदेखि हिउँदे बालीमा गहुँ, चना, मुसुरो छर्ने तथा र उखु तथा आलु रोप्ने बेला यही परेको छ । खेतीपातीका काम र कोसेली पु¥याउने पारम्परिक काम भ्याउन पर्दा सास फेर्ने फुर्सत नभएको शान्तिका पति हरिदेव साह बताउँछन् । मिथिलामा छठ पर्व सकिएको महिना दिनसम्म ‘सनेस’ पठाइने गरिन्छ । कोसेलीका परिकार घरका गृहिणीले बनाए पनि पु¥याउन पुरुष नै जानुपर्ने हुँदा अहिले मैथिल परिवार यो पारम्परिक काममा अल्झेका छन् । मिथिलामा कोसेली पठाउनसँगै एक महिनासम्म घरको खाजामा पनि छठ पर्वकै सामग्री खाजामा प्रयोग गर्ने बाक्लो चलन छ ।

अहिले बस्तीबस्तीका घरघरै ठकुवा, भुसुवा तयार गरिँदा छन् । पालैपालो समय मिलाएर सनेस पठाइँदो छ । आम रुपमा देखिने यो चलनले पूरै मिथिला क्षेत्रमा अहिले छठको ‘सनेस’को मौसम देखिएको हो । मिथिलामा मनाइने सबैजसो पर्वपछि ‘सनेस’ लाने पुरानो चलन भए पनि पछिल्ला वर्षमा यो क्रम पातलिँदै गएको छ । छठ र तिलासक्रायत पर्वको ‘सनेस’ चाहिँ अझै पु¥याइँदैछ ।

महत्वपूर्ण चाडबाडपछि आफन्त परिवारका मान्यजनसँगको भेटघाट र कुशलक्षम बुझ्न पूर्वजहरुले यो परम्परा बाँधेका पाका मैथिल बताउँछन् । यो परम्पराले भेटघाट र कुशलक्षम बुझ्नसँगै आपसी प्रेम सुमधुर तथा सुदृढ बनाउने हुँदा पूर्वजले बसाएका यो थिति यथासक्य निर्वाह गरिनपर्ने बर्दिबास–९ पशुपतिनगरका ८५ वर्षीय नथुनी महतो बताउँछन् । रासस



**नदीमा बाँसको पुलः** हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला नदीमा बनाइएको बाँसको अस्थायी पुलबाट नदी आवतजावत गर्दै यात्रु । नदीमा बनाइएको पक्की पुल सञ्चालनमा नआउँदै बाढीले भत्काएपछि सर्वसाधारणलाई आवतजावतमा सहजताका लागि नदीमा सिरहा नगरपालिकाले बाँसको पुल बनाएको छ । तस्बिरः अमरेन्द्रकुमार यादव / रासस

# दशैँ, तिहार र छठमा पाँच करोडको फूल किनबेच

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
यस वर्षको बडादशैँ, तिहार तथा छठ पर्वमा जनकपुरलगायतका मधेशका बजार क्षेत्रमा पाँच करोड मूल्य बराबरका फूल तथा फूलमालाको किनबेच भएको छ । गत वर्षको सोही अवधिमा करिब तीन करोड ५० लाख मूल्यबराबरको फूल किनबेच भएको थियो ।

पोहोरको तुलनामा यस वर्ष फूलको कारोबार वृद्धि भएको फूलको थोक व्यापारी जेके फ्लावर एन्ड गिफ्ट हाउस जनकपुरका सञ्चालक जितेन्द्रकुमार भण्डारीले बताए । उक्त परिमाणमा फूल किनबेच जनकपुर, जलेश्वर, लहान, राजविराज, लालबन्दी, मलङ्गवा, हरिऔन, चन्द्रनिगाहपुर तथा गौरको आसपासका बजारमा भएको हो । भण्डारीका अनुसार यस वर्ष बजार मागको ९५ प्रतिशतभन्दा बढी फूलमाला आन्तरिक उत्पादन र पाँच प्रतिशतभन्दा कम भारतबाट आयात भएको थियो ।

विगतमा भारतको पटना तथा कलकताबाट फूल तथो माला आयात हुने गथ्र्यो । यस वर्ष सरकारले आयातमा कडाइ गरेपछि आन्तरिक उत्पादनका फूलमाला बिक्री भएको उनको भनाइ छ ।

जनकपुर बजार क्षेत्रमा फूल व्यापारी २० जना छन् भने करिब दुई सय किसान फूल खेतीमा लागेको कृषि ज्ञान केन्द्रले जनाएको छ । धनुषामा करिब ५० बिघा क्षेत्रफलमा गोदावरी फूलको व्यावसायिक खेती हुने गरेको छ । देपुरा, रुपैठा, फूलगामा, परवाहा, ढल्केबर लगायतका ग्रामीण व्यावसायिक फूल खेती हुने गरेको छ ।

कहिलेकाहीँ प्रतिकूल मौसमका कारण फूल बिग्रिने गरेको जनकपुर घर भई काठमाडौँ गौशालामा थोक व्यापार गर्दै आउनुभएका ७० वर्षीय रामदयाल माली भण्डारीले बताए । स्थानीय खुद्रा व्यवसायी रामजीवन भण्डारीले यस वर्ष २० लाखको फूल बिक्री गरेको जानकारी दिए ।

नेपालमा खासगरी पाँच प्रजातिको सयपत्री फूल पाउने भए पनि कलकतिया तथा पटनिया प्रजातिका सयपत्रीफूल अत्यधिक बिक्री हुने व्यापारी तथा किसानहरु बताउँछन् । फूल खेतीका लागि प्रचुर सम्भावना भएकाले स्थानीय सरकारले यसको विकासमा जोड दिनुपर्ने फूल व्यवसायीको भनाइ छ ।

# लागुऔषधसहित एकजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले प्रतिबन्धित लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डक चोकबाट प्रहरीले लागुऔषधसहित एकजनालाई पक्राउ गरेको हो । प्रहरी चौकी गण्डकबाट खटिएको नियमित चेकिङ् टोलीले वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको बागमती प्रदेश ०३–००१ख २६६६ नम्बरको सार्वजनिक बसलाई चेकजाँच गर्ने क्रममा लागुऔषध फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक भारतीले जानकारी दिए । उनका अनुसार बसमा सवार वीरगंज महानगरपालिका वडा नम्बर २५ निवासी २३ वर्षीय राज महमद देवानले सेतो बोराभित्र म्याटले फोल्ड गरेको ब्लाङ्केटभित्र कालो प्लाष्टिकमा लुकाईछिपाई राखिएको अवस्थामा लागुऔषध बरामद भएको हो । देवानको साथबाट नुरफिन एक हजार १९५ पिस, डाइजेपाम १२ सय पिस, फेनारगन एक हजार १८५ पिस गरी जम्मा तीन हजार ५८० एम्पुल लागुऔषध बरामद भएको छ । देवानलाई बरामद लागुऔषधसहित नियन्त्रणमा लिई लागुऔषध सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक भारतीले बताए ।

# ‘वीरगंज गेटवे स्पा’ मसाज सेन्टर सञ्चालनमा



**मधेशदृष्टि**
**वीरगंज ।**
‘वीरगंज गेटवे स्पा’ मसाज सेन्टर सञ्चालनमा आएको छ । होटल तथा पर्यटन व्यवसायी माधव बस्नेतले वीरगंजको घण्टाघर छेउको लिंकरोडमा ‘वीरगंज गेटवे स्पा’ सञ्चालनमा ल्याएका हुन् । सोमबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का पर्सा संयोजक हरि पन्तले स्पाको समुद्घाटन गरेका हुन् । बस्नेतले करिब १५ लाख रुपैयाँको लगानीमा स्पा सञ्चालनमा ल्याइएको बताए । विभिन्न कामको शीलशीला तथा घुम्न आउने आन्तरिक पर्यटकसँगै भारतीय पर्यटकलाई पनि लक्षित गरेर स्पा सञ्चालनमा ल्याइएको बताए । अर्का सञ्चालक कुबेर कार्कीका अनुसार, स्पामा बडी मसाजको शुल्क ९ सय ९९ रुपैयाँ निर्धारण गरिएको छ । स्पामा काठमाडौंका होटल तथा स्पा सेन्टरमा लामो समयसम्म काम गरेका अनुभवी कर्मचारीहरुलाई ल्याएर राखिएको कार्कीले जानकारी दिए ।

स्पा सेन्टरमा वातनाकुलित (एसी) एवम् सुविधासम्पन्न ५ वटा क्याबिनहरु राखिएको उनले बताए । उद्घाटन कार्यक्रममा वीरगंजका होटल व्यवसायी, सञ्चारकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधी लगायतको सहभागीता रहेको थियो ।

# तलब भत्ताको माग गर्दै अनिश्चितकालीन तालाबन्दी

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकाका शिक्षक र कर्मचारीले तलब भत्ताको माग गर्दै कार्यालयको मुल गेटमा अनिश्चितकालीन तालाबन्दी गरेका छन् । चालु आर्थिक वर्ष २०८१÷८२ को साउन महिनादेखि अहिलेसम्म तलब, भत्ता उपलब्ध नगराएको भन्दै नगरपालिकाको सम्पूर्ण शिक्षक तथा कर्मचारीले



कार्यालयमा आइतबारदेखि तालाबन्दी गरेका हुन् । आन्दोलन परिचालन समितिको अगुवाईमा सम्पूर्ण शिक्षक र कर्मचारीले कार्यालयमा धर्नासमेत दिएका छन् । दशैँ, तिहार र छठ पर्वमा समेत तलबभत्ता नपाएको कर्मचारीको गुनासो छ । हनुमाननगर कंकालिनी नगरपालिकाको नगरसभा हुन नसकेकाले कुनै पनि आर्थिक कारोबार हुन सकेको छैन ।

# मधेशमा पर्वका समयमा दुर्घटनामा २० जनाको मृत्यु, ५३४ जना घाइते



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा चाँडपर्वमा दुर्घटना हुनेको ग्राफ उकालो लाग्दो छ । दशैं–तिहार–छठ पर्वको अवधिमा मधेश प्रदेशमा मात्रै सवारी दुर्घटनामा परी मधेश प्रदेशमा २० जनाको मृत्यु भएको छ ।

यसवर्षको फूलपातीदेखि छठपर्वसम्म प्रदेशका ८ वटै जिल्लामा भएका सवारी दुर्घटनामा परी २० जनाको मृत्यु भएको प्रहरीको तथ्यांक छ ।

प्रहरीका अनुसार दशैंको फूलपातीदेखि छठसम्मको अवधिमा २८१ वटा दुर्घटना भएका छन् । उक्त अवधिमा २ बालबालिकासहित २० जनाको मृत्यु भएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराले जनाएको छ । दुर्घटनामा एक बालक, एक बालिका, एक महिला तथा १७ जना पुरुषको मृत्यु भएको ट्राफिक प्रहरी पथलैयाका प्रमुख भिमकिरण बोगटीले जनाए ।

यसैगरी दुर्घटनामा ९३ जना गम्भीर घाइते र ४४१ जना सामान्य घाइते भएका उनले बताए । यो दुइवटै गरेर प्रदेशमा ५३४ जना घाइते भएको प्रहरी तथ्यांक छ । दशैंको फूलपातीदेखि दशमीसम्मको अवधिमा मात्रै १०५ वटा सवारी दुर्घटना भएका थिए भने ९ जनाको मृत्यु भएको थियो । यस्तै ३९ जना गम्भीर तथा १५३ जना सामान्य घाइते भएको रेकर्ड छ ।

तिहारदेखि छठ पर्वको अवधिमा त्यो भन्दा बढी सवारी दुर्घटनामा परेको बोगटीले बताए । यो अवधिमा १०६ वटा सवारीसाधन दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको थियो । यस्तै ५४ जना गम्भीर र २ सय ८८ जना सामान्य घाइते भएका प्रहरीको रेकर्ड छ । जिल्लागत रूपमा सबैभन्दा बढी बारामा दुर्घटनाहरू भएको उनले बताए । बारामा मात्र यो तीन वटा चाडपर्वमा ४८ वटा सवारी दुर्घटनामा परेका छन् । त्यसपछि सप्तरी ३९, धनुषा र सर्लाही क्रमशः ३८÷३८, पर्सा ३६ वटा सवारी दुर्घटनामा परेका छन् । यसैगरी महोत्तरी र सिरहामा क्रमशः २८÷२८ तथा रौतहटमा २६ वटा सवारी दुर्घटनामा परेका प्रहरीले जनाएको छ । चाडपर्वको अवधिमा सवारी साधनको चाप बढी हुने, तीव्र गतिमा सवारी चलाउने, यात्रु क्षमता दोब्बर हुने तथा ट्राफिक नियमको पालना नगर्नु लगायतका कारण दुर्घटनाहरू बढ्ने गरेको प्रहरीले जनाएको छ ।

# करिब ८६ लाखको सामान सहितको ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले झण्डै करिब ८६ लाखको सामान सहितको ट्रक नियन्त्रणमा लिएको छ । प्रहरीले वीरगंज महानगरपालिका–८ घण्टाघरमा चेकजाँचको क्रममा बिल बिजक भन्दा बढी सामान लोड रहेकोले ट्रकलाई नियन्त्रणमा लिएको हो । वीरगंजबाट कैलालीतर्फ जाँदै गरेको ना.६ ख ५५१ नम्बरको मालबाहक ट्रकमा बिल विजक भन्दा बढीको ८५ लाख ७० हजार २ सय ४० रुपैया बराबरको औषधिहरु लोड रहेको पाईएपछि ट्रकलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक भारतीले जानकारी दिए । नियन्त्रणमा लिएको मालबाहक ट्रक थप अनुसन्धान तथा कारवाहीको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको प्रहरीले जनाएको छ ।

# करेन्ट लागेर दुई जनाको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
करेन्ट लागेर धनुषा र कैलालीमा दुई जनाको मृत्यु भएको छ । धनुषाको मिथिला नगरपालिका–९ नयाँबस्तीमा ५५ वर्षीय तेजनारायण विश्वकर्माको करेन्ट लागेर सोमबार दिउँसो मृत्यु भएको हो । सोही ठाउँस्थित काली मन्दिर सामुदायिक वनमा रूखको हाँगा काट्ने क्रममा विद्युत्को तारमा छुन गई करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारका लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै, कैलालीको गोदावरी नगरपालिका–१ बसन्तपुरमा ३८ वर्षीया जगुदेवी बोहराको पनि सोमबार दिउँसो नै करेन्ट लागेर मृत्यु भएको छ । विद्युतीय मोटर चलाई हात धुने क्रममा मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएकी उनलाई उपचारका लागि शुरूमा पदमा अस्पताल अत्तरिया लगिएको थियो । थप उपचारका लागि सेती प्रादेशिक अस्पताल धनगढीमा लगिएकोमा उनको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सम्पादकीय

# प्रशासकीय अधिकृतको असहयोग

*पर्साको बहुदरमाइ नगरपालिकाको समाचार बाहिरियो । समाचारको आसय थियोः मेयर सिंगासन सा तेलीका अकर्मण्यताका कारण नगरपालिकाको कामकाज ठप्प भयो । उनले आर्थिक अख्तियारी नदिएपछि कर्मचारी, शिक्षकको तलब रोकियो । यति त ठीकै थियो । आर्थिक अधिकार दिन बाँकी नै थियो । तर सामाजिक सुरक्षा भत्तासमेत रोकिएको भनेर चर्चा गरियो । जबकि यसमा मेयर वा जनप्रतिनिधिको कुनै भूमिका हुन्न । यो त नियमित चलिरहने प्रक्रिया हो । साउन महिनाभर सामाजिक सुरक्षा भत्ता लिनेको विवरण अपडेट गरिन्छ भने नियमित ढंगले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने काम कर्मचारीको हो । यति पनि नबुझेर लगातार मेयर तेलीविरुद्ध समाचार प्रवाह भयो भने लेख्नेहरुले पनि ठूलै मसला पाएको ठानेर चर्चा गरे । तर यसको भित्री कुरा अर्कै थियो । खासमा स्थानीय नै भएकाले काममा सहयोग हुन्छ भनेर ल्याइएका प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तफा नै पछिल्लो समय मेयर तेलीसँग सोचेजस्तो लाभको काम नपाएपछि आक्रोशित थिए र मेयरविरुद्ध समाचार आउन थाल्यो ।*

*कात्तिक ८ गते नगरसभा भएको थियो । खासमा एमालेको बहुमत रहेको स्थानीय तहमा जनता समाजवादी पार्टीका नेता सिंगासन सा तेली अल्पमतमा थिए । उपमेयरदेखि वडाध्यक्ष र कर्मचारीको गुट उपगुटले आक्रान्त नगरपालिकामा नगरसभा गराउने काममै अवरोध भयो । बल्लतल्ल नगरसभा भयो । कात्तिक ९ गते नै सामाजिक सुरक्षा भत्तालगायतका रकम पनि पठाइएको छ ।*

*लगत्तै चाडपर्व आएकाले आर्थिक अख्तियारी दिएर पनि केही हुनेवाला थिएन । तर प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी चाहिएको थियो । दुई वर्षदेखि पालिकामा कार्यरत कर्मचारी कुनै पनि बेला सरुवा हुनसक्थे । यसमाथि यसवर्ष बहुदरमाइ नगरपालिकामा बनेका योजनाहरु अधिकांश कमिसनमुखी भनेर चर्चा भएपछि मेयर तेली हच्किएका थिए । प्रमुख प्रशासकीय अधिकृत मुस्तफा धमाधम योजनाहरु सम्झौता गरेर सरुवा हुने चर्चा पनि थियो । यसले कर्मचारीको चाहनामा मेयर तेलीले केही समय कुर्न चाहे । यसै पनि दीपावली र छठको आगमन थियो नै । तर यही झोकमा एकाएक मेयर तेलीविरुद्ध समाचारको बाढी नै आउन थाल्यो ।*

*राजनीतिक खिचातानीमा प्रमुख प्रशासकीय अधिकृतको काम संयोजनकारी भूमिका हो । तर बहुदरमाइमा स्थानीय प्रशासकीय अधिकृत भएपछि अझ दलहरुको द्वन्द्वमा कर्मचारीलाई फाइदा पुग्ने नै भयो । यही द्वन्द्वको सिकार मेयरलाई बनाउन थालियो भने स्थानीय सरकारको द्वन्द्व अरु बढ्नेमा शंका छैन । जितेका र लोकसेवा पास भएकाहरुले द्वन्द्व गरिरहँदा प्रमुख प्रतिपक्षीलाई झन फाइदा पुग्ने नै भयो । अनि नगरसभा नभए तलब आउँदैन भन्ने पनि थाहा पाउँदैनन् र समयमा दबाब दिन्नन् कि शिक्षक र कर्मचारीहरु पनि ?*

# पर्दाले आँसु झार्दा व्यवहारमा के ?



शुष्मा बराली

भर्खरै किशोरवयमा टेक्दै गरेको त्यस्तै कक्षा ७÷८ कक्षामा पढ्ने किशोर दौँतरीसँग हाँस्दै रमाउँदै कतै खेल्न जाँदै हुन्छ । बाटोमा एक्कासि एक जना पाका बाजेसँग भेट हुन्छ। उनी अलि टर्रो स्वरमा भन्छन्,‘ओइ केटा तँ लालेको नाति हैनस ?’

एकै छिन अघिसम्म उल्लाससाथ खुट्टा उचाल्दै पुतलीझैँ उडिरहेको किशोर टक्क रोकिन्छ। मलिनो र दबिएको स्वरमा स्वरमा ऊ भन्छ, ‘हजुर हो ।’ उसको उत्तर सकिन नपाउँदै बाजे भन्छन्, ‘ल उसो भा यो भारी उठाएर हिँड् त।’ केटो घोसे मुन्टो लगाउँछ।

किशोरका साथी एकअर्कालाई हेराहेर गर्छन् ।‘ल हेर् अटेरी गरेको, तँलाई हाम्रो घरको जुठोपिठो नपचेको ?’ तिमारु त हाम्रा कट्वाल हौ, हिजो मात्र तेरी आमाले बाली थापेर गई।’ किशोर चुपचाप आफूभन्दा ठूलो धोक्रो बोकेर बाटो लाग्छ । यो दृश्य कुनै चलचित्र वा टेलिशृंखलाको होइन। कट्वाल परिवारमा जन्मेको एक पहाडिया किशोरको अनुभव हो।

‘तँ बाहुनको छोरो भएर जाबो सार्कीलाई जित्न सकिनस्, यहाँ रोएर हुन्छ ?’ लेखक आहुतीले स्कुले जीवनको कुनै कक्षामा प्रथम हुँदा साक्खै भोगेको यथार्थको शाब्दिक चित्रण।

‘शुष्मा, जीवनमा सबै गर्नु तर दलितलाई कहिल्यै साथी नबनाउनु, मेरो आमाबाले भन्नु भएको, तिमी पनि नबनाऊ ल,’ कक्षा ९ मा पढ्दाताका मिल्ने साथीले भनेको शब्द । साथीलाई पङ्क्तिकार स्वयं उत्पीडित समुदायको भएको त्यतिखेर थाहा थिएन।

संरचनात्मक लाभांश पाउने समुदायमा जन्मेको कुनै पत्रकार, जसलाई वर्गीय र जातीय विभेदमा कुनै चासो छैन । जातव्यवस्था, संरचनात्मक लाभांश, महिला, दलित, मुस्लिम, आदिवासी, यौनिक तथा अल्पसंख्यक समुदायबारे सतही अनि फितलो ज्ञान छ । देशको कुनै विकट गाउँ पुग्छ, स्थानीय बासिन्दाको अघि क्यामरा र माइक तेर्साउँछ । सरकारको नजरमा कहिल्यै नदेखिने र नभेटिने स्थानीय विपन्न वर्गका कुनै व्यक्तिसँग अन्तर्वार्ता लिँदै प्रश्न सोध्छ, ‘पिता पुर्खाले गरेको काम अहिले किन नगरेको ?’

‘बाउबाजे अर्काको कमारो भएर काम गरे, उहाँहरूको रहर नभएर बाध्यता थियो त्यो, तर अब केही हदसम्म समय बदलिएको छ । बाउबाजे र आमाबज्यैले जे गरे, अब हाम्रो पुस्ताले त्यही गरेर जीविका चल्दैन। अहिले त परम्परागत सीपभन्दा पनि आधुनिक शिक्षा आवश्यक रहेछ । त्यसमाथि मानिस चेतनशील बन्न शिक्षा एकदम जरुरी रहेछ । त्यही भएर हामी एक छाक खाएर भएरै सन्तानलाई भने पढाउन थालेका छौँ।’ जवाफ सुन्नेबित्तिकै पत्रकार नाक खुम्चाउँदै प्रतिप्रश्न गर्छ, ‘यसरी त तपाईंको संस्कार र संस्कृति मासिने भयो।’

यो त्यही संस्कार हो, जसले विष्ट बराजुको सेवामा पुस्तौँपुस्ता झन्डै अर्धचेत अवस्थामै बाँच्यो। बाँच्न बाध्य तुल्याइयो। त्यो संस्कार, जसले मान्छेलाई श्वास फेर्नेसमेत छुट दिएन। त्यस्तो संस्कार मासिने डर ’संरचनात्मक लाभांश पाएर माइक समाउने हैसियतसम्म पुगेका पत्रकार तथा राष्ट्रप्रेमीहरू’लाई धेरैजसो हुन्छ।

महिला, दलित, मुस्लिम, आदिवासी, यौनिक तथा अल्पसंख्यकले जब हक र अधिकारको आवाज उठाउँदा त्यस्ता आवाजले राष्ट्र र राष्ट्रियतामाथि खतरा पारेको देख्छन् लाभांशवाला सज्जन । आवाज उठाउनेहरूलाई लाभांशवालाहरू अनागरिक या द्रोही ठान्छन्। मिलेर बसेको समाज भाँड्ने डलरवादीको उपनाम भिराइदिन्छन्।

प्रसंग जोडौँ पछिल्लो दिन चर्चामा रहेको नेपाली चलचित्र ’पूर्ण बहादुरको सारंगी’को। चलचित्रको पात्रले गन्धर्व समुदायका प्रतिनिधित्व गरेको भए पनि अधिकांश दलित समुदायको भोगाई चलचित्रमा भेटिन्छ र त्यस्तो भोगाई अहिले पनि यथावत् छ । कात्तिक १५ मा रिलिज भएको यो चलचित्रले दर्शकको राम्रो साथ पाएको बुझिन्छ।

जातव्यवस्थाका आधारमा निर्मित समाजमा ३ हजार÷३५ सय वर्षदेखि दलित समुदाय शोषण र दमन सहेर बाँचेको छ । त्यसको लेखाजोखा अढाई घण्टाको चलचित्रले नै त कहाँ गर्न सक्ला ? तर, प्रत्येक पल र पाइलामा हुने असमानता, अपमान, तिरस्कार र विभेदबाट गुज्रिएका दलित समुदायका पुस्ताको आत्मबल कसरी जातीयताको पैतालामा कुल्चिएर राखिएको थियो र छ भन्ने फिल्ममार्फत केही हदसम्म महसुस गर्न सकिन्छ।

पूर्णबहादुरको सारंगीमा मानिसहरू भक्कानिनु चाहिँ एकै छिनको भावुकता हो, भलै केही हदसम्म यसले कतिपयलाई उत्पीडनविरुद्ध बोल्ने उभिने भावनात्मक स्मरण दिन पनि सक्छ। आँसुको असर लामो समय किन टिक्दैन भने उत्पीडित समुदायको यस्तो अवस्था हुनु पछाडिको कारण धेरैले बुझ्न चाहँदैनन् । बरु यथार्थबाट भाग्न चाहन्छन् संरचनात्मक लाभांशवालाहरू । त्यसो हुँदा फिल्म हलभित्र झरेको आँसु घर पुगिसक्दा सुकिसक्छ।

सामाजिक यथार्थ बुझ्न नचाहने र बुझ्न नखोज्ने समाजमा यस्ता चलचित्र एक छिनका भावना मात्र हुन्, चलचित्र हेरुन्जेल मन भक्कानिन्छ । घर पुगेपछि उही पुरानै अभ्यास र संस्कार जारी रहन्छ। इतिहासको लामो यात्रा गरेर यहाँसम्म आइपुग्दा पनि सीमान्तकृत समुदाय चलचित्रमा देखाएझैँ संघर्ष गर्न अझै बाध्य छन् । चलचित्रमा देखाएझैँ पञ्चायतदेखि गणतन्त्रसम्म आउँदा केही बदलिएजस्तो देखिन्छ,तर विभेदको स्वरूप बदलिएर पुस्तान्तर भएको छ।

चलचित्रको एउटा दृश्यमा जनगणनाका लागि खटाइएका दुई व्यक्ति आइपुग्दा मास्टरले समेत नमस्कार गरेर इज्जत गरेको देखाइएको छ । हाकिमका रूपमा देखाइएमध्ये एक जना विश्वकर्मा थरका व्यक्ति भन्छन्,‘मान्छेको कदर उसको थरले होइन, योग्यताले हुन्छ ।’ चलचित्रकै सो डाइलगमा झैँ सोच्थेँ म पनि। आफ्नो गाउँमा हुँदा लाग्थ्यो, जातीय विभेद, हेला र अपमान त गाउँमा मात्रै हुन्छ होला। गाउँमा पढेलेखेका मान्छे नभएर विभेद भएको होला । पढेलेखेका मान्छेहरू बस्ने शहरमा त पक्कै योग्यताको कदर हुन्छ होला। तर, जब आफ्नो उज्ज्वल भविष्यको कल्पना गर्दै काठमाडौँ छिरेँ, यहाँसमेत विभेद महसुस गरेँ। शिक्षित र विकसित राजधानी शहरमा बस्नेले कसरी विभेद गर्ला भनेर सोचेको त, यहाँ पनि गल्लीगल्लीभित्र विभेद भेटिने रहेछ। यस्तो लाग्यो, जात व्यवस्थामा आधारित समाजमा योग्यताभन्दा भारी जात नै हुने रहेछ।

यसै विषयमा अर्को सन्दर्भ जोड्न चाहेँ। कुनै चलचित्रको कार्यशालामा एक जना दलित समुदायका निर्देशक÷निर्माता कार्यशालाको ’मेन्टर’को रूपमा आउँदा सोही कार्यशालाकी एक सहभागीले भनिन्,‘हामीलाई सिकाउने उनको हैसियतको कहाँ छ र, कोही नभएर मात्र उनलाई मौका दिएको हो।’

यसो सुन्दा ती सहभागीले विभेद र गाली नगरेझैँ लाग्छ, तर कानलाई ‘सभ्य’ यस वाक्यको गहिराई केलाउने हो भने, दलित समुदायको योग्यता, तिनको मेहनत र सफलतासम्म पुग्न गरेको तिनको संघर्षको यस समाजमा अहिले पनि मोल छैन। दलित समुदायका व्यक्ति उच्च स्थानमा पुग्न सक्दैन, पुगे भने जालझेल वा घुमाउरो बाटोबाट पुग्छन् भन्ने ठान्छन् कतिपय ‘अध्ययनशील, प्रगतिशील, बुद्धिजीवी’हरू समेत। हे अज्ञान !

चलचित्रका संवादमध्ये एउटा छ,‘क्रान्ति त मेरा बाले उहिलेबाट गरिरहेका छन्,सारंगी बजाएर ।’ हो, दलित समुदायले समाज चलायमान बनाउन आफ्नो श्रम र सिपलाई सेवाका रूपमा वाध्यात्मक योगदान दिइरह्यो, पुस्तौँपुस्ता । आरनमा फलाम पिटेर होस्,कामी दाइले हँसिया र घनमार्फत क्रान्ति गरिरहे । सियोमा धागो हाल्दै दमिनी दिदीहरूले क्रान्ति गरिरहिन्। छालाका जुत्ता बनाएर सार्की काकाले र सारंगी बजाउँदै हिँड्ने जोडीले संगीतमार्फत क्रान्ति गरिरहे। आफ्नो पहिचानका लागि उमा वादीले अर्धनग्न भएर प्रदर्शन गरिन् । ढल, नाली, सेप्टिक ट्यांक सफा गर्न बाध्य बनाइएका पोडेहरूले पनि आफ्ना कर्ममार्फत क्रान्ति गरे ।

जसोतसो दुई मुठी सास र धुकधुकी बचाउन गरिएको जीवन क्रान्ति।

फलाना समुदायले बिना ज्याला श्रम गरिरहुन्, सारङ्गीजस्तै करङ बनाएरै भए पनि अन्य समुदायको सेवा गरून् र संस्कार जोगाउन् भन्नेविरुद्ध अब भने सनैसनै साँच्चै क्रान्ति गर्दै छन् दलित समुदायका खासगरी युवा पुस्ता। हामीले के बुझ्नुपर्छ भने अन्य समुदायभन्दा पुस्तौँ पछाडि पारिएका दलित यहाँसम्म आइपुग्न गरिएको क्रान्तिसमेत कम छैन। यो भयो स्वयं उत्पीडनमा परेका समुदायको कुरा ।

अहिले सामाजिक सञ्जालमा फिल्म हेर्न जान रुमाल या ‘टिस्यु पेपर’ जरुरत भएको बताइने गरिँदै छ । फिल्मलाई एक प्रकारले ट्रोल गरिँदै छ। कतिपय मान्छे चलचित्रका दृश्यबाट भक्कानिएका छन्, आँसु झारेका छन् ।कतिपयले त यसलाई रुवाउने फिल्मको उपनामसमेत दिएका छन्।

सज्जन वृन्द, एउटा पात्रको फिल्मी कथाले यहाँहरू भक्कानिनुभयो तर उत्पीडित समुदायको त यो दैनिकी हो। पछिल्लो समय केही हदसम्म जीवनशैलीमा परिवर्तन भए पनि अधिकांश दलित कष्टपूर्ण जीवन जिइरहेका छन् । हजारौँ वर्ष अघिदेखिको जाँतोमा पिसिनुको आँसु आज पनि पिइरहेका छन् । तर संरचनात्मक लाभांशले तयार पारेको सामाजिक संरचनाको विरोधमा किन आवाज उठाउन किन अप्ठ्यारो मान्छन् पढेलेखेका युवा ? किन विकृतिविरुद्ध उभिन अन्कनाउँछन् आँसु झार्ने युवाहरू नै ? प्रश्न गर्ने चेतना किन कमजोर छ हाम्रा युवायुवतीमा ?

चलचित्रका संवाद,देखाइएका घटना पञ्चायत र गणतन्त्रको शुरूआती चरणजस्तो देखाइएको भए पनि खासगरी दलित महिलाको अवस्थामा भने खासै परिवर्तन हुन सकेको छैन। त्यसमाथि दलित समुदायको समस्यामध्ये सबैभन्दा पेचिलो र ठूलो समस्या भूमिको भएको बुझ्नुपर्छ । त्यसो हुँदा ‘चलचित्रले रुवायो र मन जित्यो’ मा मात्र सीमित नभएर उत्पीडित र सीमान्तकृत समुदायको हक र अधिकारको लागि पनि आवाज उठोस्। दलित समुदाय आत्मसम्मान र अधिकारको लागि पिल्सि न बाध्य बनाइएको विषयलाई बहसको रूपमा अघि बढाउने प्रयत्न होस्। उकालो

# काम गर्नेको गर्धनमा तरबार झुन्ड्याएपछि कसरी हुन्छ त विकास खर्च ?



ई.नारायणदत्त भण्डारी

नेपालमा पुँजीगत बजेट नै चालु खर्चको तुलनामा न्यून छ। आर्थिक वर्ष २०८०÷८१ मा पुँजीगत बजेट जम्मा १९ प्रतिशत छ। यसै त पुँजीगत बजेट न्यून छ त्यसैमाथि १० वर्षको औसत खर्च केवल ६७.५ प्रतिशत छ । यसरी पुँजीगत खर्च न्यून हुनुका कारणहरू यो आलेखमा केलाइएको छ।

बजेट विनियोजनमा असमानता

वार्षिक बजेट तथा बहुवर्षीय योजनाका लागि बजेट विनियोजनको कारणले गर्दा कतै खर्च हुन नसक्ने र कतै रकम अभावको कारणले पुँजीगत खर्च कमजोर देखिन्छ । प्राथमिकतामा आधारित बजेट विनियोजनभन्दा मतदातालाई खुसी पार्न बढी केन्द्रित हुने परिपाटी र ठूला योजनामाभन्दा खुद्रे योजना बढी केन्द्रित हुनाले पनि पुँजीगत खर्चमा समस्या आउने गरेको छ।

बजेट बनाउने बेलामा विषयगत मन्त्रालय र अर्थ मन्त्रालयमा बजेटमा समावेश गर्न उच्चपदस्थको भिडभाडले योजना छनोट तथा बजेट विनियोजनमा प्राथमिकीकरण गर्नमा निश्चय नै फरक पार्छ। त्यसको नतिजा पुँजीगत खर्चमा पर्ने नै हुन्छ। त्यसैगरी दातृ निकायद्वारा संचालित आयोजनाहरूको कार्यान्वयन चरणमा अनेकौं प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । जस्तै वातावरणीय मूल्याङ्कन, लैङ्गिक, मुआब्जा, क्षतिपूर्ति, समपूरक रकम आदिका कारणले गर्दा पुँजीगत खर्च कम हुने हुनाले अझ ठूलो परिमाणको काममा समग्र पुँजीगत खर्च कम हुन जान्छ। ठूला आयोजना मानिएका फास्ट ट्र्याक, टोखा–छहरे सुरुङ मार्गमा बढी बजेट विनियोजन भयो। तर काम भने टोखा–छहरे सुरुङ मार्गमा झन्डै शून्य र फास्ट ट्र्याकमा धेरै न्यून प्रगति भयो । सन्तुलित बजेट विनियोजन नहुँदा तथा योजना छनोट र प्राथमिकीकरणको कमीले पुँजीगत खर्च कम हुनेगरेको छ।

**झन्झटिलो तथा लम्बेतान खरिद प्रक्रिया**

सार्वजिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ द्वारा निर्देशित खरिद प्रक्रिया लम्बेतान तथा झन्झटिलो छ। परिणाममुखीभन्दा पनि प्रक्रियामुखी र उत्प्रेरणामुखीभन्दा नियन्त्रणमुखी छ । विकसित मुलुकहरूमा प्रयोग हुँदा असफल भएका कतिपय प्रक्रियाहरू हामीले प्रयोगमा ल्याइरहेका छौँ । विशेषगरी प्राविधिक पक्षभन्दा अन्य पक्षमा ध्यान केन्द्रित गर्नुपर्ने खालका नियमले गर्दा पनि समस्या उत्पन्न गर्छ।

विकासका आयाममा सन्तुलन भएन भने अर्को आयाममा जति प्रयास गरे पनि परिणाम आउँदैन। निर्माणपूर्वका काम जस्तै जग्गा प्राप्ति, रुख कटान विद्युत्को पोल सार्नेलगायतका कामहरू पनि असाध्यै कठिन तथा लामो समय लिने हुनाले उपलब्धि कम हुनेगर्छ । खानेपानीमा मुहानको विवाद, सिँचाइमा स्रोतको विवादजस्ता कारणले गर्दा पनि समस्या आउने गरेको छ।

खरिद प्रक्रियाको समय पनि असाध्यै लामो छ । न्यूनतम समय गणना गर्ने हो भने पनि बजेट प्राप्त भएपछि सिलबन्दी दरभाउपत्र (२० लाख) का लागि ४२ दिन, २ करोड रुपैँयासम्मका लागि ५७ दिन २ करोडभन्दा माथि कम्तीमा ९१ दिन, ‘आईसीबी कन्ट्र्याक्ट’मा ९ महिनासम्म पनि लाग्ने गर्छ। दातृ निकाय द्वारा सञ्चालित योजनाहरूमा उल्लेखित समयको दोब्बर समयसम्म लाग्ने गर्छ । बहुवर्षीयठेक्काको हकमा अझ बढी समय लाग्ने गरेको छ।

जग्गा प्राप्ति ऐन, २०३४ धेरै पुरानो हुँदा समयानुकूल र स्पष्ट छैन। संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र स्पष्ट छैन। राजमार्गमा सडक सीमाको समस्या छ। सडक सीमा भनिएको छ तथा लगत कट्टा नहुँदा व्यक्तिकै नाममा जग्गा कायम हुँदा संवैधानिक हकको उपचार भनी अदालतमा मुद्दा पेस हुने र मुआब्जा दिएरमात्र गर्नु÷गराउनू भन्ने आदेशले वर्षौंसम्म आयोजना अलपत्र पर्ने स्थिति छ।

नेपालमा परामर्शदाताका क्षमता पनि कमजोर देखिन्छ। डीपीआर डिजाइन,ड्रइङ्गहरू वास्तविक कार्यस्थलसँग मेल खाँदैन। फलस्वरूप, ‘डिजाइन रिभ्यु’ हुन जान्छ । डिजाइन रिभ्यु तथा भेरिएसन स्वीकृत गराई काम गराउन खरिद ऐन नियमअनुसार महाभारत नै हुन्छ।

लामो समय लाग्ने, सकभर गर्न नपरे हुन्थ्यो भन्ने प्रवृत्ति र गर्नै परे आफू विवादमा नपर्नेगरी सिफारिस तथा निर्णय गर्ने प्रवृत्ति हुँदा समयमै काम नसकिने कारण बन्न जान्छ। खरिद विधिमै कम कबोल गर्ने बोलपत्रदातालाई दिनै पर्ने बाध्यात्मक अवस्थाले कमजोर कार्यक्षमता भएका निर्माण व्यवसायी छनोट गर्नुपर्ने। त्यही कारण पनि काम अलपत्र पर्नेगरेको छ। पछिल्लो समय नियमावली संशोधन गरेर म्याद थप भइहाल्छ भन्ने प्रवृत्ति बढ्दो छ। फलस्वरूप, बेइमान निर्माण व्यवसायीले सहुलियत पाएजस्तो हुन्छ भने इमानदारले काम गरेर पनि खासै सहुलियत नपाएका कारण त्यस्ता निर्माण व्यवसायीहरू निराश भएको पाइन्छ।

**नियामक निकायको तरबार**

नेपालमा नियम निकायहरू प्रशस्तै छन् । एउटा राष्ट्रको गौरवको आयोजना कार्यान्वयन गर्ने क्रममा २२ वटाभन्दा बढी नियामक निकायप्रति जवाफदेही हुनुपर्ने हुन्छ। प्रत्येक नियामक निकायको फरकफरक उद्देश्य र ‘फरम्याट’ हुन्छन् । कतिपय निकायलाई सिफारिस एवं विश्लेषणात्मक प्रतिवेदन उपलब्ध गराउनुपर्छ।

संसद्, संसदीय समिति, प्रधानमन्त्री कार्यालय, राष्ट्रिय योजना आयोग, संघीय मन्त्रालय तथा महाशाखाहरू, विभाग तथा महाशाखाहरू, अर्थमन्त्रालय तथा महाशाखाहरूप्रति जवाफदेही हुनुपर्छ । त्यसअतिरिक्त प्रदेशस्तरका अनुगमन कार्यालयहरू, मुख्यमन्त्री कार्यालय, प्रदेश मन्त्रालय प्रदेश संसद र प्रदेश संसदहरू, पालिकाहरू, वडा कार्यालयहरू, मिडिया, सामाजिक सञ्जाल, स्थानीय प्रशासन, समन्वय समितिलगायतका संघसंस्थालाई कुनै न कुनै स्वरूपमा विवरण तथा प्रगति पेस गर्नुपर्ने हुन्छ।

यसकारण एउटा निकायलाई तयार गरेका विवरण अर्को निकायलाई मिल्दैन। त्यसैले निर्माण कार्यमा दिनुपर्ने प्राविधिकको समय विवरण तयारी गर्दै बित्छ। फलतः योजनाको समय, लागत र गुणस्तरमा ह्रास आउँछ । अझ ‘मिसइन्फरमेसन’ हुँदै ‘डिसइन्फरमेसन’ सम्मको मारमा पर्नुपर्ने हुन्छ । त्यसमा सार्वजनिक अधिकारीहरूले कसरी जोगिने भन्ने भयमा काम गर्नुपर्ने हुन्छ।

पुँजीगत खर्च गर्दा कमी कमजोरीहरू संसारभरि नै हुन्छ। तर, विकसित मुलुकहरूमा कमीकमजोरीबाट सिक्ने प्रयत्न हुन्छ भने हाम्रो देशमा केकस्ता कमजोरी फेला पार्न सकिन्छ भनी चियोचर्चा रहन्छ । अर्थात् तिललाई पहाड बनाइन्छ, भ्रामक तथ्यलाई ’भाइरल’ बनाउने होड बाजी चलेको पाइन्छ । कर्मचारीहरू जहिलेसुकै भयको वातावरणमा गुज्रिरहेका हुन्छन्। कमी कमजोरीको छानबिन र कारबाही गर्ने निकाय नै कुन् हो भन्ने अन्योल छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रशस्तै उजुरी पर्ने, अनुसन्धानका क्रममा सक्कलै कागजपत्र माग हुँदा काममा शिथिलता आउने गरेको छ।

ठूला ठूलो योजनाको सुरूदेखि अन्त्यसम्मको कागजपत्र माग गरी प्रमाणित गरेपछि फरक नपर्ने गरी बुझाउनु भनिएको हुन्छ । राष्ट्रिय गौरवको एउटा योजनामा एउटै उजुरीमाथि छानबिनको क्रममा ९३ हजार ५०० पाना कागज बुझाउनुपर्ने अवस्था आएको थियो।

अख्तियारको वार्षिक प्रतिवेदनमा उल्लेख भएबमोजिम आर्थिक वर्ष २०८०÷८१ मा ३६ हजार १८६ उजुरी परेको देखिन्छ। व्यक्तिगत प्रतिशोधका कारण उजुरी गर्नेको संख्या धेरै हुन्छ। कुल उजुरीको ज्यादै न्यून मुद्दा दायर हुन्छ र दायर मुद्दामा पनि कमैमात्र अख्तियारको पक्षमा फैसला हुन्छ।

यसबाट के प्रष्ट हुन्छ भने समस्या कहीँ न कहीँ छ र अनुसन्धानका क्रममा खर्चिने समय खेर जानाले कामको प्रगतिमा असर पर्ने गरेको छ।

प्राविधिक क्षेत्रमा कार्य विवरण स्पष्ट नहुनाले धेरै झन्झट बेहोर्नुपरेको छ। उदाहरणका लागि एउटा पुल सम्पन्न भयो तर पुलको जगमा समस्या आएर छानबिन गर्नुपर्ने भयो भने जग बनाउनेमात्र हैन सुरुदेखि सम्पन्न गर्नेसम्मलाई दोषी बनाउने र जिम्मेवार हुनुपर्ने कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्नुभन्दा आफू सुरक्षित हुनेतर्फ लाग्ने मनोवृत्ति हुन्छ। यसले पनि प्रगति कम भएको देखिन्छ।

रूपान्तरणकारी, राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनामा हुने सरुवा पनि एउटा समस्याकै रूपमा देखिएको छ। सरकारको नीति त यस्ता आयोजनामा अवधिभर विनाकारण सरुवा नगर्ने भन्ने छ तर व्यवहारमा लागु हुनसकेको छैन । तारन्तारको सरुवाको कारण पनि कार्यप्रगति कमजोर हुने र अपेक्षाकृत परिणाम हासिल गर्न नसकिने हुन्छ।

लेखारीक्षणको पुरातन संस्कार सार्वजनिक खर्चको लेखा परीक्षण गर्ने महालेखाको र सार्वजनिक लेखा समितिको द्वन्द्वका कारण बेरुजु प्रतिशत बढेको बढ्यै छ । तथ्य प्रमाणका आधारमा भन्दा उपलब्ध ‘चेकलिस्ट’का आधारमा बेरुजु उठाउने अभ्यास एकातिर छ भने अर्कोतिर त्यसरी उठेको बेरुजुकै परीक्षण पनि कहीँ कतैबाट नहुने र जति धेरै बेरुजु उठायो उति नै प्रगति ठानिने संस्कारले पनि समस्या बढाएको छ। त्यसो गर्न सके आफू काबिल भएको ठान्ने मानसिकताले पनि सार्वजनिक निकायहरू चेपुवामा परेका छन् जसका कारण प्रगतिमा असर परेको हुन्छ।

त्यसैगरी राष्ट्रिय सतर्कता केन्द्रले कन्सल्टेन्टबाट गराइने प्राविधिक परीक्षणमा पनि अपरिपक्व व्यक्ति आउने केही प्राविधिक परीक्षकले त केही न केही ‘एनसीआर’ लेख्नैपर्छ भनी लेखेको पनि पाइन्छ । यसले काम गर्नेको मनोबल उकास्ने हैन हीनताबोध हुन्छ।

**रकमान्तरको समस्या**

पुँजीगत खर्च गर्ने मन्त्रालयहरूलाई रकमान्तरको सुविधा छैन । त्यसका लागि मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मै संशोधन गर्नुपर्ने हुन्छ भने संशोधन गर्न अर्थ मन्त्रालयमै पुग्नुपर्छ। एउटा सार्वजनिक निकायबाट रकमान्तरको फाइल उठेर अर्थ मन्त्रालयको मन्त्रीले निर्णय गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) संशोधन गर्न टिप्पणी उठेपछि कम्तीमा २२ वटा तोक आदेश र २७ अधिकारीबाट ४८ वटा हस्ताक्षर भएपछि मात्र मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) संशोधन हुन्छ। एउटा आयोजनाबाट खर्च नहुने रकम अर्कोमा लैजान पनि अत्यन्तै चुनौतीपूर्ण छ। थप बजेट आउनु भनेको प्रायः असम्भवजस्तै हुने कारणले पनि पुँजीगत खर्चमा ह्रास आएको हो।

पुँजीगत खर्च बढाउने उपायहरू

१.सार्वजनिक खरिद ऐन, जग्गा प्राप्ति ऐन, वातावरण ऐनलगायतलाई समयसापेक्ष विकास मैत्री हुनेगरी संशोधन गरिनुपर्छ।

२.सिलिङ्गभित्रको रकमान्तरको अधिकार मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) सम्बन्धित मन्त्रालयलाई दिनुपर्छ।

३.नियामक निकायबाट सयौँको परिपत्र गरी नियन्त्रणमुखी नीति लिनुभन्दा समस्या समाधानको लागि सहजीकरण गरिनुपर्छ।

४.सार्वजनिक खरिद ऐन पनि बढी नियन्त्रणमुखी छ। त्यसलाई परिणाममुखी हुने गरी संशोधन गरिनुपर्छ।

५.दातृ निकायसँग हुने योजनाहरूमा प्रायः विलम्ब भएको देखिन्छ । समस्या पहिचान गरी निरूपण गरिनुपर्छ।

६.अन्तर निकायबीचको समन्वय परिणाममुखी छैन त्यसलाई प्रभावकारी र एक द्वार प्रणालीको बनाउनुपर्छ। बाह्रखरी

# राष्ट्रपति अजरबैजानमा



बाकु ।
राष्ट्रपति रामचन्द्र पौडेल अजरबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औँ सम्मेलन (कोप–२९) मा भाग लिन सोमबार यहाँ आइपुगेका छन् । उनलाई यहास्थित हैदर अलियभ अन्तर्राष्ट्रिय विमानस्थलमा अजरबैजानका न्याय मन्त्री फारिद तरुव अहमदोभले स्वागत गरेका थिए ।
भेटका क्रममा राष्ट्रपति पौडेलले अहिलेको विश्वको समस्या नै जलवायु परिवर्तन भएको बताए । उनले यस सम्मेलनले विकसित देशलाई कार्बन उत्सर्जन कम गर्न र जलवायु कोषमा प्रतिबद्धताअनुसारको रकÞम लगानी गर्न तथा कार्बन उत्सर्जनमा न्यून योगदान गरेर पनि मारमा परेका विकासशील देशका लागि लगानी गर्न प्रेरित गर्नुपर्नेमा जोड दिए । उनका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।
उनका अनुसार न्यायमन्त्री अहमदोभले यस सम्मेलनको मुख्य विषय नै सोही भएको उल्लेख गर्दै विकासशील देशमाथि न्याय गरिनुपर्ने आवश्यकता औँल्याएका थिए । उनले अजरबैजानमा नेपालका जस्ता पहाड नभए पनि यहाँका हिमाल पग्लिएर पानीको स्रोत सुक्न थालेको बताएका थिए ।
सोमबारदेखि सुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९ औँ सम्मेलन (कोप–२९) मा उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति पौडेल कतारको दोहा हुँदै यहाँ आइपुगेका हुन् ।
भ्रमण दलमा प्रथम महिला सबिता पौडेल, वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही, राष्ट्रपतिका विज्ञ तथा सल्लाहकारसहित नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरूको सहभागिता छ ।
कोप–२९ अन्तर्गतको सम्मेलनमा राष्ट्रपति पौडेलले उच्चस्तरीय सत्रको ‘विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन’लाई सम्बोधन गर्ने कार्यक्रम छ । सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन यही कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन हुनेछ । सम्मेलन आगामी मङ्सिर ७ गतेसम्म चल्नेछ । सम्मेलनमा भाग लिएर राष्ट्रपति पौडेल कात्तिक ३० गते स्वदेश फर्कने कार्यतालिका छ ।
यसैबिच,राष्ट्रपति पौडेल र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसबीच संक्षिप्त भेट भएको छ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औँ सम्मेलन (कोप–२९) मा भाग लिन कतारको दोहाबाट अजरबैजानको बाकु जानेक्रममा जहाजमा उनीहरुबीच भेट भएको हो ।
भेटमा उनीहरुबीच जलवायु परिवर्तनबाट उत्पन्न समस्याबारेमा संक्षिप्त कुरा भएको हो । ‘जलवायु परिवर्तन हामी सबैको साझा समस्या हो ।
हिमाल, पृथ्वी र मानव समुदायको रक्षाका लागि यो समस्या समाधान गर्न हामी सबै जुट्नुपर्छ’, कुराकानीका क्रममा राष्ट्रपति पौडेलको भनाइ उद्दत गर्दै उनका प्रेस सल्लाहकार पोखरेलले जानकारी दिए । महासचिव गुटेरेसले राष्ट्रपति पौडेल बसेको ठाउँमा आएर भेटेका थिए । रासस

# महिला सशक्तीकरणमा चुनौती छन्: परराष्ट्रमन्त्री




**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले नेपालमा लैङ्गिक समानता र महिला सशक्तीकरणका क्षेत्रमा गएका तीन दशकयता धेरै नै उपलब्धि भए पनि चुनौती पनि रहेको उल्लेख गरेकी छिन् ।
युएन वुमनद्वारा सोमबार काठमाडौँमा आयोजित बेइजिङ प्लस तीसको सिभिल सोसाइटी रिपोर्ट सार्वजनिक गर्दै मन्त्री डा.राणाले ३० वर्षअघि बेइजिङमा सम्पन्न विश्वका नेताहरूको सम्मेलनपछि नेपालमा पनि महिला अधिकार,लैङ्गिक समानता तथा महिला सशक्तीकरणका क्षेत्रमा धेरै काम भएका बताएकी हुन् । उनले भनिन् ‘मलाई लाग्छ नेपालका महिलाहरूले अहिले प्राप्त गरेका संवैधानिक लगायतका अधिकारको बिजारोपण ३० वर्षअघिको बेइजिङ सम्मेलनमा भएको हो । सो चौथो विश्व महिला सम्मेलनले लैङ्गिक समानता, महिला सशक्तीकरण, महिलाविरुद्धका हिंसाको उन्मूलनलगायतका १२ ओटा क्षेत्रका प्रतिबद्धता अघि सारेको थियो ।’

बेइजिङ सम्मेलनमा आफ्नो सक्रिय सहभागिता रहेको स्मरण गर्दै उनले त्यसयता नेपालका महिलाहरूले अघि बढाएको अभियानले देशमा महिलाका क्षेत्रमा धेरै काम भएका तथा प्रजनन् स्वास्थ्यदेखि धेरै अधिकारहरू महिलाले संवैधानिक रुपमै प्राप्त गरेको बताइन् ।
सम्मेलनपछिका ३० वर्षमा महिला अधिकार र लैङ्गिक समानताका क्षेत्रमा उल्लेखनीय प्रगति भएपनि अझै धेरै काम गर्न भने बाँकी रहेको मन्त्री डा.राणाको भनाई थियो । उनले भनिन्,‘महिला र यहाँका बालिकाहरूले आर्थिक सहभागिता, शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा समान पहुँच आदि क्षेत्रमा अहिले पनि चुनौतीहरूको सामना गर्नु परिरहेको छ । यसबारेमा पनि सोच्नुपर्छ र तिनको समाधानका लागि सरकार र नागरिक समाज एकताबद्ध भइ अघि बढ्नुपर्छ ।’
मन्त्री डा.राणाले बालिकाहरूको विद्यालय भर्ना, श्रम बजारमा महिलाको सहभागिता, मातृ स्वास्थ्य,बालबिवाहमा न्यूनिकरण एवं सम्पत्तिमा महिला अधिकार आदि क्षेत्रका सूचकाङ्कमा नेपालले प्रगति गरेको उल्लेख गरिन् । उनले हाम्रा नीतिहरू लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्नुका साथै सीमान्तकृत समुदायका महिला, आदिवासी, दलित र अपाङ्गता भएकाप्रति केन्द्रित रहेको जानकारी दिइन् । मन्त्री डा.राणाले संवैधानिक र कानूनी प्रत्याभूतिका कारण नेपालमा पनि राजनीतिमा महिला सहभागिता बढ्दै गएको स्पष्ट गर्दै तर पनि महिलामाथि हुने गरेका विभेद र डिजिटल युगमा बढ्दो भ्रमपूर्ण सूचनाले महिलालाई बढी तारो बनाउने गरेको आफूले पाएको धारणा राखिन् । आफ्नै उदाहरण प्रस्तुत गर्दै उनले भनिन्,‘बढ्दो डिजिटल युगसँगै गलत सूचनाहरूले महिलालाई बढी शिकार बनाएको मेरो अनुभव छ । जस्तो कि यहाँ मेरा बारेमा पनि कतिधेरै गलत सूचनाहरू सप्रेषण गरिएका थिए । विश्वका महिला नेतृहरूको पनि यस्तै अनुभव रहेछ । म हालै सहभागी भएको क्यानडा र संयुक्त राष्ट्रसङ्घीय महासभामा विश्वका महिला नेतृहरूले पनि यो अनुभव सेयर गर्नुभएको थियो ।’
उनले यी सबैखाले चुनौतीविरुद्धमा लडेरै अघि बढ्नुपर्ने भनाइ राखिन् । उनले भनिन्, ‘महिला सशक्तीकरणका लागि हामीले बाटो बनाएका छौँ । हामीले दिशा पनि निर्धारण गरेका छौँ । हामीले कामका लागि गति सिर्जना गरेका छौँ । तर पनि कहिलेकाहीँ यो बाटोबाट पछाडि धकेल्ने प्रयासहरू हुने भएकाले प्राप्त गरेका उपलब्धिहरूको रक्षागर्दै थप उपलब्धिका लागि अझ अघि बढ्दै जानुपर्छ ।’ सबै खाले चुनौतीहरूको पहिचान गरी कति बर्षमा के कसरी समाधान गर्ने भन्ने स्पष्ट खाका एवं कार्ययोजना नै बनाएर अघि बढ्नुपर्ने उनको धारणा थियो । रासस

# मन्त्री दाहालको यस्तो निर्देशन



**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ललितपुरको ग्वार्कोमा निर्माणाधीन फ्लाई ओभरको सोमबार स्थलगत निरीक्षण गरेका छन् । मन्त्रालयका उच्च अधिकारीसहित उनी निर्माणस्थलमा पुगेका हुन् ।
निरीक्षण पश्चात् मन्त्री दाहालले फ्लाई ओभर निर्माणको कामलाई गति दिन निर्देशन दिए । त्यस क्रममा उनले पूर्वाधार तथा विकास आयोजना निर्माण कार्यमा हुने ढिलासुस्ती सह्य नहुने बताए ।
काठमाडौँको सहरी तथा यातायात व्यवस्थापन गर्न महत्वपूर्ण हुने अपेक्षा राखिएको उक्त फ्लाई ओभर निर्माणको कार्यलाई गति दिएर समयमै सक्न मन्त्री दाहाले निर्देशन दिए ।
निरीक्षण टोलीमा मन्त्री दाहालसहित मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक रामहरि पोखरेललगायत रहेका थिए । विसं २०७८ फागुन १२ गतेदेखि निर्माण सुरु भएको उक्त फ्लाई ओभर आगामी पुस पहिलो हप्तासम्म निर्माण सम्पन्न गर्नुपर्नेछ । तीस मिटर स्पानको चार लेनको सो पुलसहितको फ्लाई ओभर निर्माणको काम आशिष–समानान्तर–रेलिगेर जेभी काठमाडौँले गरिरहेको छ । रासस

# उपप्रधानमन्त्रीले यसरी सम्झिए शङ्खधरलाई



**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राष्ट्रिय विभूति एवं नेपाल संवत्का प्रवर्तक शङ्खधर साख्वाबाट नेपाली समाजले प्रेरणा लिनुपर्ने बताएका छन् ।
शङ्खधर साख्वा दिवसका अवसरमा नेपाल संवत् न्हू दँ राष्ट्रिय समारोह समितिले सोमबार काठमाडौँमा आयोजना गरेको कार्यक्रममा उनले साख्वाले तत्कालीन नेपाली समाजमा सामाजिक सुधारकका रूपमा अतुलनीय योगदान गरेको बताए । उपप्रधानमन्त्री सिंहले तत्कालीन समयमा नेपालीलाई ऋणमुक्त बनाउन योगदान गर्नुभएका साख्वा सामाजिक न्यायको पक्षपाती रहेको भन्दै उपप्रधानमन्त्री सिंहले धर्मसंस्कृतिप्रति पनि उनको उत्तिकै योगदान रहेको चर्चा गरे । साख्वाको योगदानको मूल्याङ्कन गर्दै तत्कालीन प्रधानमन्त्री नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले ०५६ सालमा साख्वालाई राष्ट्रिय विभूति घोषणा गरेको पनि उनले स्मरण गरे । विसं २०६५ कात्तिक ७ गतेदेखि नेपाल संवत्लाई राष्ट्रिय संवत् घोषणा गरिएको छ । लखुतीर्थबाट ल्याइएको बालुवा सुनमा परिणत भएपछि राष्ट्रिय विभूति शङ्खधरले जनताको ऋणमोचन गर्नुभएको इतिहास रहेको छ । रासस

# ‘भाषिक र सांस्कृतिक अतिक्रमणप्रति सचेत होऔँ’



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जातीय सद्भावमा बलियो शक्ति हुने भएकाले भाषिक र सांस्कृतिक अतिक्रमणप्रति सचेत रहन आग्रह गरेका छन् ।
राष्ट्रिय विभूति एवं नेपाल संवत्का प्रवर्तक शङ्खधर साख्वाको स्मृति दिवसका अवसरमा पद्मरत्न तुलाधर लुमति गुठीद्धारा सोमबार काठमाडौँमा आयोजित कार्यक्रममा मन्त्री गुरुङ्ले धार्मिक, सांस्कृतिक र जातीय विविधताबीच एकताको महत्वबारेसमेत चर्चा गरे । ‘जहाँ सांस्कृतिक रूपमा मानिस एकबद्ध छन्, त्यो धेरै शक्तिशाली समाज हो । कसैले त्यो समाजलाई कमजोर बनाउनुछ भने पहिलो चोटी नै उसको संस्कृतिमाथि हमला गर्छ’, उनले भने,‘राष्ट्रवाद भनेको कुनै सिमामा मात्र खोज्ने कुरा होइन । हाम्रो राष्ट्रियता प्रत्येक जनताको अनुहारमा खोज्नुपर्छ । त्यसैले सबै समुदाय र व्यक्तिले राज्यको स्रोत र शक्तिमा पहुँच भएको महसुस हुनुपर्छ ।’
मन्त्री गुरुङले राष्ट्रिय विभूति साख्वा राष्ट्रिय एकताको प्रतिक भएको उल्लेख गर्दै भाषा संरक्षणको दिगोपनका लाि◌ग घरबाटै मातृभाषाको अभ्यासलाई निरन्रता दिनुपर्नेमा जोड दिए । ‘भाषा संरक्षणका लागि सबैभन्दा पहिला पाठशाला घर हो । पहिलो गुरुआमा भनेको घरको आमा हुन्’, उनले भने,‘धेरै आदिवासीका भाषाहरू जुन व्यवहारमा रुपान्तरण हुदैन, शैक्षिक संस्थामा पढाइँदैनन्, साहित्यमा विकास भएको छैन र व्याकरण विकास भएको छैन । त्यस्ता भाषाहरूको संरक्षण घरघरबाट हुनुपर्छ ।’
नेपाल संवत्को महत्वलाई राज्यले महत्व दिएर अघि बढने मन्त्री गुरुङले बताए । नेपाल भाषासँग सिङ्गो नेपालको सार्वभौमिकता जोडिएको उनको भनाइ थियो । ‘संयुक्त राष्ट्रसङ्घले समेत नेपाल भाषीको देश नेपाल हो भनेर चिनेको छ । त्यसैले नेपाल भाषाको महत्व, नेपाल संवत्को महत्व, नेपाल मण्डलको महत्वलाई राज्यले जहिल्यै पनि महत्व दिएर अघि बढनेछ’, उनले भने ।
कार्यक्रममा काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले नेपाल भाषासँगै अन्य मौलिक भाषाको संरक्षणका लागि सरकार सँगसँगै समुदायको निरन्तरता आवश्यक भएकामा जोड दिए ।
पूर्वमन्त्री एवं पद्मरत्न तुलाधर लुमति गुठीका अध्यक्ष केशवमान शाक्यले शङ्खधर साख्वालाई सुशासन, सामाजिक न्याय र आर्थिक सङ्कटको व्यवस्थापनका लागि वर्तमान नेतृत्वले प्रेरणाको स्रोतको रूपमा लिनसक्नुपर्ने बताए । रासस

# माओवादीले अनुमोदन गऱ्यो उम्मेदवारको नाम

**काठमाडौँ ।**
प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)ले स्थानीय तहका रिक्त स्थानमा हुन लागेको उपनिर्वाचनका लागि तल्ला समितिबाट सिफारिस भई आएका उम्मेदवारको नाम अनुमोदन गरेको छ ।
पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’को निवास खुमलटारमा सोमबार बसेको केन्द्रीय कार्यालयको बैठकले स्थानीय तहको निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउन पार्टी पङ्क्ति र जनसमुदायलाई आग्रह गरेको छ । आगामी मङ्सिर १६ गते स्थानीय तहका विभिन्न ४४ स्थानमा उपनिर्वाचन हुन लागेको छ । निर्वाचनमा पार्टीका तर्फबाट तय भएका उम्मेदवारलाई विजयी गराउने योजनासमेत तय भएको पार्टी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।
त्यस्तै, बैठकले आगामी मङ्सिर मसान्तसम्ममा पालिका सम्मेलन सम्पन्न गर्ने र खबरदारीसभा गर्ने निर्णय बैठकले गरेको छ । जनपरिचालनसहित गरिने खबरदारीसभाले सुशासनको पक्षमा दबाव दिने प्रवक्ता सापकोटाको भनाइ थियो । यसैगरी आगामी पुस २ गतेका लागि पार्टीको केन्द्रीय समितिको बैठक बस्ने गरी आवश्यक तयारी गरिएको उनले बताए ।
अग्रगमन र परिवर्तनको पक्षमा संविधान संशोधन हुनुपर्नेमा प्रवक्ता सापकोटाले जोड दिए । उनले संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्नेमा पार्टीले जोड दिएको स्पष्ट पारे । जनताबाट निर्वाचित भएर आउने सांसदहरू नीति निर्माणमा केन्द्रीत हुने र विषय विज्ञलाई मन्त्री बनाए मात्रै जनताले अपेक्षा गरे अनुसारको विकास र आर्थिक समृद्धि हुने माओवादी केन्द्रको ठहर छ । रासस

# अदुअआ ऐन संशोधन विधेयकमाथि छलफल

काठमाडौँ ।
प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधनकर्ता सांसदसँग छलफल गरेको छ । समितिको सोमबारको बैठकमा सांसदले भ्रष्टाचारसम्बन्धी विषयको अनुसन्धान गर्ने मुख्य जिम्मेवारी प्राप्त अख्तियारको भूमिकालाई बलियो बनाउने प्रावधान ऐनमा समेटिनुपर्नेमा जोड दिए ।
संशोधनकर्ता सांसद अर्जुननरसिंह केसीले संवैधानिक संस्थालाई राजनीतिक भागबण्डाबाट बाहिर राख्न नसक्दा त्यस्ता संस्था निरीह हुने र यसबाट मूल्यमान्यता र पद्धति कागजमा सीमित हुने बताए । ‘भ्रष्टाचार मुक्त समाज नभएसम्म सुशासन कायम हुन सक्दैन, ‘सिंहदरबार र भ्रष्टाचार’ पर्याय बनेको छ, यसलाई चिर्न अख्तियार दुरुपयोग आयोग ऐनलाई बलियो बनानुपर्छ’, उनले भने ।
नीतिगत निर्णयका नाममा हुने भ्रष्टाचार रोक्न नसकिए अवस्था झन् जटिल हुनसक्ने औँल्याउँदै सांसद केसीले नीतिगत निर्णयसम्बन्धी व्यवस्था थप प्रष्ट हुनुपर्छ भने । ‘नीतिगत निर्णय नै भ्रष्टाचारको मुल कारक हो, यससम्बन्धी प्रावधान हटाइनुपर्छ’, उनले भने, ‘मन्त्रिपरिषद्को निर्णय, संसदीय समितिका निर्णय अख्तियारले हेर्न नपाउने निर्णय हटाइनुपर्छ ।’
सांसद अमरेशकुमार सिंहले भ्रष्टाचार न्यूनीकरण गर्न राज्य सञ्चालक नै जिम्मेवार हुनुपर्ने बताए । एक पटकको भ्रष्टचारी सँधैको भ्रष्टाचारी भएको उल्लेख गर्दै उनले भ्रष्टाचारीलाई कारबाहीको हद राख्न नहुनेमा जोड दिए । अख्तियारले सरकारी संस्थामा भएका भ्रष्टाचारका राम्ररी अध्ययन गर्न सकेको छैन’, उनले भने,‘मन्त्रिपरिषद् निर्णयमाथि पनि अनुसन्धान गर्न सक्ने व्यवस्था ऐनमा गर्नुपर्छ ।’
सांसद नारायणी शर्माले भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न सक्ने गरी अख्तियारसम्बन्धी ऐन बताइनुपर्ने बताइन् । सांसद श्यामकुमार घिमिरेले निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउनै नहुनेमा जोड दिए । सांसद रोशन कार्कीले संवैधानिक निकायमाथिका राजनीतिकरण बन्द हुनुपर्नेमा जोड दिँदै अतिराजनीतिक कारणबाट ती संस्थाले प्रभावकारी काम हुन नसकेको टिप्पणी गरे । सांसद राजेन्द्र केसीले निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउन नहुने र निजी क्षेत्रका नियामक निकायको भूमिकालाई नै प्रभावकारी बनाइनुपर्ने बताए ।
समिति सभापति रामहरि खतिवडाले उक्त संशोधन विधेयकमा ३२ सांसदले ६३ वटा संशोधन दर्ता गराएको जानकारी दिए । समितिले अर्को बैठकमा संशोधनकर्ता सांसदसँग थप छलफल गर्ने भएको छ । समितिको सोमबारको बैठकमा गृहमन्त्री रमेश लेखक र रक्षामन्त्री मानवीर राई सहभागी थिए । रासस

# गत आवमा सङ्घ र प्रदेश सरकारको बेरुजु साढे २१ अर्ब




काठमाडौँ ।
गत आर्थिक वर्ष २०८०÷८१ मा सङ्घ र प्रदेश सरकारको बेरुजु २१ अर्ब ५१ करोड रुपैयाँ भन्दा बढी देखिएको छ ।
महालेखा नियन्त्रक कार्यालयले महालेखापरीक्षकको कार्यालयलाई बुझाएको 'केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण'अनुसार सङ्घ तथा प्रदेश सरकारको गत आर्थिक वर्ष २०८०÷८१ मा आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु रकम २१ अर्ब ५१ करोड ९६ लाख रुपैयाँ छ ।
जसमा नियमित गर्नुपर्ने बेरुजु एक अर्ब १३ करोड ५० लाख रुपैयाँ, असुल गर्नुपर्ने बेरुजु एक अर्ब ९२ करोड ९६ लाख रुपैयाँ र पेश्की बेरुजु १० अर्ब ४५ करोड ४९ लाख रुपैयाँ रहेको जनाइएको छ ।
महालेखा नियन्त्रक कार्यालयका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार सरकारको गत आर्थिक वर्षको संघीय सञ्चित कोष, वैदेशिक अनुदान र ऋण सहायता, लगानी एवम् नेपाल सरकारका बजेटरी तथा गैर बजेटरी निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरूको कारोबारलगायतका विषयहरू समेटेर केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तयार पारी महालेखापरीक्षकको कार्यालयलाई बुझाइसकेको छ ।
'केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण यहि कात्तिक १४ गते महालेखापरीक्षकलाई बुझाइसकेको छौँ । यसरमा सरकारको गत आर्थिक वर्षको कारोबारको यथार्थ वित्तीय अवस्थाको चित्रण छ',उनले भने ।
उक्त विवरणअनुसार गत आर्थिक वर्षमा संघीय सञ्चित कोष कुल दुई खर्ब २४ अर्ब ९९ करोड १३ लाख रुपैयाँले ऋणात्मक छ । 'आर्थिक वर्ष २०८०÷८१ को सुरूमा संघीय सञ्चित कोष कुल एक खर्ब ८१ अर्ब २६ करोड ७३ लाख रुपैयाँले ऋणात्मक रहेकोमा यस वर्ष कुल प्राप्ति १३ खर्ब ३५ अर्ब ९२ करोड ७४ लाख रुपैयाँ रहेको र कुल भुक्तानी १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख रुपैयाँ तथा विनिमय दर वा अन्य समायोजन १४ अर्ब ४४ करोड २८ लाख रुपैयाँ भएबाट यस आर्थिक वर्षको सुरूको मौज्दात समेतको समायोजनबाट आर्थिक वर्षको अन्त्यमा संघीय सञ्चित कोष कुल दुई खर्ब २४ अर्ब ९९ करोड १३ लाख रुपैयाँले ऋणात्मक रहेको छ,' महालेखा नियन्त्रक कार्यालयले तयार पारेको विवरणमा भनिएको छ ।
गत आवमा सरकारको बजेटरी निकायको नगद तथा बैङ्क मौज्दात ८४ अर्ब ७८ करोड ४८ लाख रुपैयाँ ऋणात्मक रहेको छ । गैर बजेटरी निकायको सोही अवधिको नगद तथा बैङ्क मौज्दात भने ७१ अर्ब ८२ करोड ७३ लाख रुपैयाँ धनात्मक रहेको छ । यसरी गत आर्थिक वर्षमा सरकारको नगद तथा बैङ्क मौज्दात १२ अर्ब ९५ करोड ७५ लाख रुपैयाँले ऋणात्मक देखिन्छ ।
गत आर्थिक वर्षका लागि सरकारले १२ खर्ब ४७ अर्ब ६३ करोड ४२ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेकोमा नौ खर्ब ५६ अर्ब २६ करोड ५६ लाख रुपैयाँ मात्रै सङ्कलन भएको छ । त्यस्तै, सरकारले गत आर्थिक वर्षमा १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ बजेट खर्च गर्ने लक्ष्य राखेकोमा १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख रुपैयाँ बराबरको मात्रै खर्च भएको देखिएको छ ।
'कुल खर्च रकममध्ये सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकमतर्फत तीन खर्ब पाँच अर्ब ६३ करोड १५ लाख रुपैयाँ खर्च भएको छ भने संघीय सञ्चित कोषबाट विनियोजन हुने व्ययतर्फ सोझै भुक्तानी बाहेक १० खर्ब ४० अर्ब ५८ करोड छ लाख खर्च रुपैयाँ भएको छ', केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणमा भनिएको छ । सरकारले गत आर्थिक वर्षमा प्रदेश र स्थानीय तहलाई संघीय सञ्चित कोषबाट चार खर्ब आठ करोड ७० लाख रुपैयाँ बजेट हस्तान्तरण गर्ने लक्ष्य राखेकोमा तीन खर्ब ३९ अर्ब ४१ करोड ६२ लाख रुपैयाँ बराबर मात्रै हस्तान्तरण भएको छ । जसमा प्रदेश सरकारलाई ७६ अर्ब एक करोड ९९ लाख रुपैयाँ र स्थानीय तहलाई दुई खर्ब ६३ अर्ब ३९ करोड ६२ लाख रुपैयाँ बराबर हस्तान्तरण देखिन्छ ।
गत आर्थिक वर्षमा सरकारको विभाज्य कोषमा संकलन भएको कुल रकम चार खबै १९ अर्ब ६४ करोड ३१ लाख रुपैयाँ मध्येबाट तीन खर्ब ८० अर्ब ८१ करोड ८८ लाख रुपैयाँ बाँडफाँट भएको र ३८ अर्ब ८२ करोड ४३ लाख रुपैयाँ बाँडफाँट हुन बाँकी रहेको पनि महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।
गत आवमा सरकारको कुल १८ अर्ब १२ करोड १२ लाख रुपैयाँ पेश्की बाँकी रहेको पनि उक्त विवरणमा उल्लेख छ । जसमा म्याद ननाघेको पेश्की सात अर्ब ६६ करोड ६३ लाख रुपैयाँ र म्याद नाघेको पेश्की १० अर्ब ४५ करोड ४९ लाख रुपैयाँ रहेको छ ।
गत आर्थिक वर्षमा सरकारले कुल तीन खर्ब ६० अर्ब आठ करोड ७५ लाख रुपैयाँ बराबर ऋण उठाएको देखिन्छ । जसमध्ये वैदेशिक ऋण एक खर्ब २५ अर्ब ६६ करोड ६१ लाख रुपैयाँ र आन्तरिक ऋण दुई खर्ब ३४ अर्ब ४२ करोड १४ लाख रुपैयाँ रहेको छ । त्यस्तै, गत आर्थिक वर्षमा सरकारले सार्वजनिक ऋणको साँवा तिर्नका लागि दुई खर्ब २३ अर्ब २७ करोड ९५ लाख रुपैयाँ खर्च गरेको छ ।
केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण अनुसार गत आर्थिक वर्षमा सरकारबाट ४१ अर्ब ७५ करोड ७८ लाख रुपैयाँ आन्तरिक ऋण लगानी भएको छ । त्यस्तै, सार्वजनिक संस्थानमा छ अर्ब ९९ करोड ४३ लाख रुपैयाँ बराबरको शेयर लगानी भएको तथा वैदेशिक शेयर लगानी २१ करोड ६० लाख रुपैयाँ बराबर रहेको महालेखा नियन्त्रक कार्यालयको विवरणमा उल्लेख छ ।
गत आर्थिक वर्षमा सरकारले वैदेशिक ऋण तथा अनुदानबाट शोधभर्ना लिनुपर्ने करिब २४ अर्ब बराबर शोधभर्ना हुन बाँकी रहेको देखिएको छ । 'शोधभर्ना हुन बाँकी वैदेशिक ऋण रकम १७ अर्ब नौ करोड २१ लाख रुपैयाँ छ । त्यस्तै वैदेशिक अनुदान तर्फ छ अर्ब ७४ करोड पाँच लाख रुपैयाँसमेत गरी शोधभर्ना हुन कुल बाँकी रकम २३ अर्ब ८३ करोड २६ लाख रुपैयाँ छ ।
सरकारका बजेटरी निकायसँग ९७ अर्ब ८४ लाख रुपैयाँ र गैर बजेटरी निकायहरूसँग १९ अर्ब ९९ करोड ७० लाख रुपैयाँ रकमको जिन्सी तथा सम्पत्ति रहेको अभिलेख रहेको पनि कार्यालयले जनाएको छ । रासस

# श्रम स्वीकृति नलिइ काम गर्नेलाई सहजै स्वीकृति




**काठमाडौँ ।**
सरकारले श्रम स्वीकृति नै नलिई विदेशम काम गरिरहेका नेपाली श्रमिकले अब श्रम स्वीकृति लिएर वैधानिक हैसियत प्राप्त गर्न पाउने व्यवस्था मिलाएको छ ।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सन् २०२४ को सेप्टेम्बरलाई 'कटअफ डेट' मानेर उनीहरूलाई श्रम स्वीकृत दिने निर्णय गरेको मन्त्री शरतसिंह भण्डारीले जानकारी दिए । 'यो व्यवस्था कार्यान्वनको प्रक्रियामा छ, प्राविधिक पाटो सुल्झेपछि सहजै श्रम स्वीकृति पाउनेछन् ।
नयाँ श्रम स्वीकृतिका लागि श्रमिकले 'बायोमेट्रिक' दिनुपर्ने हुन्छ, तर नियोगमा यससम्बन्धी प्रणाली नभएकाले केही ढिलाइ भएको हो', मन्त्री भण्डारीले भने ।
श्रम स्वीकृति नलिई विदेशमा श्रम गरिरहेका घरेलुसहित सबै श्रमिकले यस व्यवस्थाबाट लाभ पाउन सक्नेछन् ।
श्रमिकलाई श्रम स्वीकृतिको प्रक्रियामा ल्याउन सम्बन्धित मुलुकमा रहेको नियोगका साथै नेपाली सङ्घसंस्थालाई पनि परिचालित गरी ने मन्त्री भण्डारीको भनाइ छ । रासस

# दिनेशलाई अन्तर्राष्ट्रिय मदर टेरेसा पुरस्कार

काठमाडौँ ।
नेपालका पार्कर खेलाडी दिनेश सुनारलाई यस वर्षको 'अन्तर्राष्ट्रिय मदर टेरेसा' पुरस्कार प्रदान गरिएको छ । अठार पटक गिनिज विश्व रेकर्डमा नाम लेखाउन सफल सुनारले खेल क्षेत्रसँगै समाजमा पु¥याएको उत्कृष्ट योगदानको कदर गर्दै उनलाई नयाँ दिल्लीमा आयोजित विशेष समारोहमा पुरस्कार प्रदान गरिएको हो ।
दिनेश सुनारले आफ्नो प्लेटफर्म र पार्कौर कौशललाई विश्व रेकर्ड कायम राख्न मात्र नभई युवाहरूलाई प्रेरणा दिन, स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गर्न र नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउँदै आएका छन् । मानवतावादी सेवा, सामाजिक कार्य र शान्ति निर्माणका क्षेत्रमा योगदान दिने व्यक्तिहरू र संस्थाहरूलाई सम्मानित गरिने यो पुरस्कार स्वर्ण भारत परिवार नामक संस्थाले प्रदान गर्दै आएको छ । भारतका डा बेनेट फरनान्डेज, मेक्सिकोकी रीता अगुइलर गोन्जालेज, सिङ्गापुरकी डा म्यारी एङ, अमेरिकाकी डा लिनोरा पिटरसन, जिम्बाबेकी डा प्याट्रसिया गोन्डे, बेलायतकी अलिसन चिवारालगायतसमाजमा विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिएका एक हजार एकजनामध्ये उनी नेपालबाट एकजना मात्र रहेका छन् ।
समर्पण र अनुशासनमार्फत सुनारले आफ्नो शारीरिक तन्दुरुस्ती र जोसले विशेषगरी खेलकुद र पहिचानको अवसर सीमित रहेका ग्रामीण समुदायमा सकारात्मक प्रभाव पार्न योगदान पु ‍याउँदै आएका छन् । मदर टेरेसाका मूल्य मान्यतासँग मेल खाने योगदानलाई प्रोत्साहित गर्न र प्रबद्र्धन गर्न स्थापना गरिएको यो पुरस्कार उपेक्षित समुदायको उत्थान, वञ्चित वर्गका लागि स्वास्थ्य सेवा र शिक्षा प्रदान गर्न तथा विश्व शान्ति र सौहाद्र्रको भावना जागृत गराउन करुणा र निःस्वार्थ सेवा गरेबापत प्रदान गर्ने गरिन्छ ।
पुरस्कार प्राप्त गरेपछि सुनारले विश्वभरिका सामाजिक रूपमा प्रभावशाली र बौद्धिक व्यक्तित्वसँगै आफू पनि सम्मानित हुन पाउँदा आफूले गरेको मेहनतले सार्थकता पाएको महसुस भएको बताउँदै नेपाललाई विश्वभर चिनाउन सकेकामा गौरवान्वित भएको बताए । उनले भने, 'नेपाली खेलाडीका रूपमा मैले पाएको सम्मानले विश्वभरिका युवाहरूलाई प्रेरित गर्दछ, जतिसुकै चुनौती आए पनि आफूले चाहेको उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।'
हाल अमेरिकामा रहेर पार्करजस्तो उल्लेखनीय कलाबाट नेपाली खेलकुद र सांस्कृतिक आदानप्रदानमा सक्रिय हुने क्रममा विभिन्न प्रदर्शनी र विश्वकीर्तिमानी प्रवद्र्धनमा सक्रिय हुँदै आएका छन् । उनको यो अदभूत कला सिटी अफ एक्रोनका मेयर डेनियल होरिगानले गत २१ अप्रिललाई दिनेश सुनार डे नै घोषणा गरेका थिए भने अमेरिकाको हाउस अफ रिप्रेजेन्टेटिभले १० फेब्रुअरीमा सम्मान गरेको थियो ।
यति मात्र होइन, गिनिज वल्र्ड रेकर्डस डेमा संसारका उत्कृष्ट पाँच रेकर्ड होल्डरभित्र उनी पनि परेका थिए । उनले २०२१ मा अक्रोन, ओहोयोमा भुटानिज कम्युनिटी एसोसिएसन इङ्क, अक्रोनको सहयोगमा सनसाइन तेक्वान्दो एकेडेमीद्वारा आयोजित कार्यक्रममा ३० सेकेन्डमा सबैभन्दा पूर्ण ट्विस्ट ब्याकफ्लिप्सका लागि विश्वकीर्तिमान तोडेका थिए भने ९ मार्च २०२३ मा न्युयोर्कमा जिपिके फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा एक मिनेटमा सबैभन्दा धेरै २१ पटक डाइभिङ गर्ने गिनिजवल्र्ड रेकर्ड तोडेका थिए । रासस

# 'डेडिकेटेड' र 'ट्रङ्कलाइन' को बक्यौता पन्ध्र दिनभित्र उठाइने



**काठमाडौँ ।**
लामो समयदेखि विवादमा रहेको 'डेडिकेटेड' र 'ट्रङ्कलाइन' विद्युत् महसुल बक्यौता 'टाइम अफ डे' (टिओडी) मिटरका आधारमा उठाउने निर्णय सरकारले गरेको छ ।
सोमबार मन्त्रिपरिषद्को आइतबारको निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले १५ दिनभित्र विद्युत् महसुल बक्यौता उठाउने र बक्यौता नतिरेका उद्योगका काटिएको बिजुली २४ घण्टाभित्र जोड्ने निर्णय भएको बताए ।
'डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूले खपत गरेको विद्युत्को बक्यौता रकम (टिओडी मिटरसमेतको आधारमा) महसुल निर्धारण तथा असुलीसम्बन्धी तत्काल प्रचलित कानुनबमोजिम गणना गरी पन्ध्र दिनभित्र असुलउपर ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गर्ने गराउने निर्णय भएको छ', सञ्चारमन्त्री गुरुङले भन्ने,'डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूको विद्युत् महसुलसम्बन्धी विवादका कारण विद्युत् आपूर्ति बन्द हुँदा उत्पादन घट्न गएको, उद्योगमा कार्यरत श्रमिकहरूको रोजगारीमा प्रत्यक्ष असर परेको एवं समग्र अर्थतन्त्रमा प्रभाव परेको हुँदा यसरी विद्युत् आपूर्ति बन्द गरिएका उद्योगहरूमा २४ घण्टाभित्र विद्युत् लाइन जडान गर्ने व्यवस्था मन्त्रालयले मिलाउनुपर्नेछ ।'
मन्त्रिपरिषद्को २०८० साल पुस २४ को निर्णयअनुसार सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूको विद्युत् महसुलसम्बन्धी विवाद समाधानका लागि गठित जाँचबुझ आयोगले २०८१ साल वैशाख २३ मा पेस गरेको प्रतिवेदन सार्वजनिक गर्न ऊर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ ।
कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइएफएडी) मा नेपाल सरकारका तर्फबाट अमेरिकी डलर ७५ हजार योगदान भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।
त्यस्तै, वास्थ्य बीमा बोर्डका अध्यक्ष डा.गुणराज लोहनीको राजीनामा स्वीकृत भएको गुरुङले जानकारी दिए ।
अछाम जिल्लाको साँफेबगर नगरपालिका–६ मा पर्ने साबिक माष्टमाण्डौँ गाविस–१ मा जग्गा एकीकरण आयोजना सञ्चालन गर्न स्वीकृति दिने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ ।
मन्त्रिपरिषद्को बैठकले भन्सार महसुल नियमावली, २०८१ र राहदानी (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ । यही कात्तिक २६ देखि २८ गतेसम्म चीनको सिचुवान प्रान्तको छेन्दुमा आयोजना हुने 'सिचुआन अन्तर्राष्ट्रिय सहर सहयोग र विकास सम्मेलन–२०२४' मा सहभागी हुन लुम्बिनी प्रदेशका मुख्यमन्त्री र प्रमुख सचिवलाई स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।
नेपाल सरकार र स्विडेन सरकारबीच सहकारीका क्षेत्रमा हुने द्विपक्षीय सम्झौता स्वीकृत गर्ने र उक्त सम्झौतामा नेपालका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न वन तथा वातावरण मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । रासस

# कतार एयरवेजको गौतमबुद्ध विमानस्थलबाट उडान

**काठमाडौँ ।**
कतार एयरवेजले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्ने भएको छ ।नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का अनुसार उक्त एयरलाइन्सले मङ्गलबारदेखि भैरहवामा दैनिक उडान भर्न लागेको हो । प्राधिकरणका सूचनाअधिकारी ज्ञानेन्द्र भूलले कतार एयरवेजले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक उडान भर्न लागेको बताए । कतार एयरवेजको भैरहवा उडान साङ्केतिक रूपमा ठूलो उपलब्धि भएको उनले उल्लेख गरे । 'भैरहवाबाट अन्तर्राष्ट्रिय उडान हुनु भनेको आफैमा नेपालको इन्टरनेशनल एयरपोर्टलाई अन्तर्राष्ट्रिय एरोनोटिकल समुदाय 'इन्टरनेशनल एरोनोटिक कम्युनिटी'ले रिकनाईज गर्नु हो', सूचना अधिकारी भूलले भने,'विश्वका ठूला एयरलाइन्स कतार,फलाई दुबई, थाई एयर एसिया,जजीरालगायत अन्तर्राष्ट्रिय एयरलाइन्सको भैरहबाट उडान हुनु रणनीतिक हिसाबले निकै महत्व हुन्छ । हामी (नेपालले) बनाएको अन्तर्राष्ट्रिय एयरपोर्ट 'गेट वे' को रूपमा विश्व प्रसिद्ध एयरलाइन्सले सेडुअल उडानको रूपमा प्रयोग गर्नुभनेको आर्थिक हिसाबले गौतमबुद्ध विमानस्थल र आसपासको क्षेत्र पनि आर्थिक सम्भावनायुक्त हुने हुनाले यसको विशेष महत्व छ ।'
सूचना अधिकारी भुलका अनुसार गौतमबुद्ध विमानस्थलबाट भएको अन्तर्राष्ट्रिय उडानले हवाई भाडा नियन्त्रण गर्न मद्दत पुग्छ । नेपालले अधिकांश देशसँग गरेको हवाई सेवा सम्झौतामा इन्धनको मूल्य र प्रतिस्पर्धाको आधारमा हवाई भाडा निर्धारण गरिएको हुन्छ । स्वदेशी र विदेशी वायुसेवा कम्पनीको समन्वयमा प्रतिस्पर्धी उत्कृष्ट 'एयरफेयर सिस्टम' भएपछि स्वदेशी वायुसेवा कमजोर हुँदाखेरी विदेशी वायुसेवाको क्षमतामा निर्भर हुनुपर्दा विदेशी कम्पनीले हवाई भाडा बढाउदा बजार उनीहरूको पहुँचमा जान्छ । 'सरकारले विमानस्थल सहुलियतको प्याकेज घोषणा गरेको छ । यसबाट एयरलाइन्सले पनि नयाँ विमानस्थलबाट व्यावसायिक उडान भरेर श्रेय लिने सम्भावनाको प्रतिस्पर्धा हुने तथा यसले अन्तर्राष्ट्रिय महत्व राख्ने प्राधिकरणका विश्वका ठूला एयरलाइन्स विश्वको नम्बर एक एयरलाइन्स कतार एयरवेजले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई 'रिकनाइज' गर्नुनै आफैमा रणनीतिक रूपमा ठूलो महत्व रहन्छ,' सूचना अधिकारी भूलले भने,'यसले भविष्यमा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन हुने वातावरण सिर्जना हुन्छ ।'
कतारले दैनिक दुई उडान काठमाडौँ र एउटा भैरहवाबाट गर्नेछ । कतार एयरवेजको भैरहवाका ३० नोभेम्बरसम्म दैनिक एक उडानको तालिका निर्धारण गरिएको छ । विमानस्थलमर्मत सुरु हुनुअघि कतारले काठमाडौँमा दैनिक चार उडान भर्दै आएको थियो । योसहित मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीको सङ्ख्या पाँच पुगेको छ । निर्माण सम्पन्न भएको लामो समयपछि यो विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान भइरहेको छ । विमानस्थलमा यसअघि नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स), जजीरा एयर र फ्लाइ दुबईले अन्तर्राष्ट्रिय उडान सञ्चालन गरिरहेका छन् । गौतमबुद्ध विमानस्थलबाट पहिलो पटक यही कात्तिक १४ गते एकै दिन तीनवटा अन्तर्राष्ट्रिय उडान सञ्चालन भएको थियो ।

# स्थापनाको चार दशकपछि विद्यालयको पक्की भवन



**म्याग्दी ।**
जिल्लाको मालिका गाउँपालिका–१ खहरेमा रहेको सिद्ध आधारभूत विद्यालय स्थापना भएको चार दशकपछि पक्की भवन निर्माण भएको छ । विभिन्न निकायको अनुदान सहयोगमा तीनवटा कक्षा कोठा भवन निर्माण भएको हो । श्रमदानसहित कूल एक करोड ७७ हजार पाँच सय ३४ रुपैयाँको लागतमा निर्माण भएका तीनवटा भवनमा आठवटा कोठा रहेका प्रधानाध्यापक मोतिराज गौतमले जानकारी दिए । 'विसं २०३९ मा खरको टहरामा सुरु गरिएको विद्यालय करिब करिब चार दशक कच्ची भवनमा सञ्चालन भएको थियो', विद्यालयको स्थापनाकालदेखिनै त्यहाँ कार्यरत गौतमले भने, 'चार दशक पुरानो भवन जीर्ण भएर पानी चुहिन थालेको थियो । भत्कने त्रास थियो ।' जग्गा व्यवस्थापन गरी नयाँ भवन निर्माण गरेपछि सुरक्षित र सहज रुपमा पठनपाठन हुने वातावरण सिर्जना भएको प्रअ गौतमले बताए । तत्कालीन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको अनुदान र श्रमदान गरी कूल ८६ लाख ९१ हजार छ सय रुपैयाँको लागतमा दुईतले चार कोठे भवन निर्माण भएको थियो । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको अनुदान सहयोगमा दुई÷दुई कोठे एकतले भवन निर्माण भएको हो ।

कक्षा ८ सम्मको पठनपाठन हुने विद्यालयमा हाल एक सय ५० जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा कम्प्युटर प्रयोगशाला पनि रहेको छ । संविधानसभा सदस्य नवराज शर्मा, गण्डकी प्रदेशका पूर्वमन्त्री नरदेवी पुन र जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापाले भवनको आइतबार उद्घाटन गरेका थिए ।

भवन उद्घाटन समारोहमा विद्यालयका संस्थापक गङ्गबहादुर पुन, देवीप्रसाद आचार्य, दलमान पुन, पुरुषोत्तम शर्मा र पतिराम सिउथानीको नाम उल्लेखित शिलालेखको पनि अनावरण गरिएको थियो । संस्थापक आचार्यलाई सम्मान समेत गरिएको छ ।

पुस्तकालय र चमेना गृहका लागि थप दुई कोठा आवश्यक रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मानसिङ सापकोटाले बताए ।

'बस्तीमाथि खनिएको सडकबाट आउने बाढी खेलमैदानमा पसेर दुःख दिने गरेको छ', उनले भने, 'बाढी नियन्त्रण र कोठा थप गर्न गाउँपालिका, प्रदेश र सङ्घीय सरकारका निकायमा प्रस्ताव गरेका छौँ ।' रासस

# नमोबुद्ध जात्राः बौद्ध धर्मालम्बीको 'पितृ' सम्झने मेला



**काभ्रेपलाञ्चोक ।**
कात्तिक शुक्ल पूर्णिमा तिथि, शान्तिका प्रतीक गौतम बुद्धको पूर्वजन्ममा 'राजकुमार'ले देहत्याग गरी बघिनीलाई जीवन प्रदान गरेको भनिइएको दिन । गौतमबुद्धले लुम्बिनीमा पुनर्जन्म प्राप्त गरेपछिको जीवन त्याग गरेको भूमिका रुपमा परिचित यहाँको ऐतिहासिकस्थल नमोबुद्ध ।

'नमोबुद्धाय नमः'बाट नमोबुद्ध नामकरण भएको दस्तावेजमा उल्लेख गरिएका छन् । जिल्लाको उक्त ऐतिहासिक, पर्यटकीय, धार्मिक एवं रमणीय स्थान नमोबुद्ध नगरपालिका–११ नमोबुद्धमा कात्तिक शुक्ल पूर्णिमाका अवसरमा ठूलो मेला लाग्ने गर्दछ । यो वर्ष उक्त मेला–जात्रा यही कात्तिक ३० गतेदेखि तीन दिनसम्म मनाइन्छ । किंवदन्तीअनुसार द्वापर युगका उनै राजकुमारको अस्थिपञ्जर गाडी बनाइएको चैत्य र जीवन त्याग गरेको स्थानमा पूजाअर्चना र दीप प्रज्ज्वलन गर्न बर्सेनि बौद्ध धर्मावलम्बीको निकै ठूलो भीड लाग्ने गर्दछ ।

बर्सेनि लाग्ने मेलामा करिब एक लाखले नमोबुद्धको दर्शन तथा पूजाअर्चना गर्ने मन्दिर व्यवस्थापन समितिले जनाएको छ । जात्राको सुरुको रातभरि नमोबुद्धमा मेला लाग्ने गर्दछ भने मेला अवधिभर परम्परागत गीत तथा नृत्यु प्रस्तुत गर्नेको उत्तिकै भीड लाग्ने गर्दछ । नमोबुद्ध गुठीका अध्यक्ष लोप्साङ बज्र लामाका अनुसार मेला अवधिभर 'पितृ'को सम्झानामा बत्ती बालिन्छ । 'यहाँ बर्सेनि पितृलाई बत्ती बालिन्छ, बत्ती बाल्नाले पितृलाई वर्षभरि उज्यालो हुने मान्यता रहेको छ', लामाले भने । विशेष गरी तामाङ र नेवार समुदायका धर्मावलम्बीले मेला भर्ने गरेको नमोबुद्धका मूल लामागुरु कान्छा लामा बताउँछन् । उनका अनुसार तत्कालीन पञ्चलादेश (पनौती राज्य)का राजा महारथ र रानी सत्यवतीका तीन छोरा पूर्वतर्फको गन्धमान पर्वत (जङ्गल)मा शिकार खेल्ने क्रममा कान्छा राजकुमारले भोकले छटपटिएको सुत्केरी बघिनीलाई आफ्नो रगत र शरीरको मासु काट्दै खुवाएर आफूले देहत्याग गरी जीवन प्रदान गर्नुभएको किंवदन्ती छ । सोही विश्वासका आधारमा प्रत्येक कात्तिक शुक्ल पूर्णिमाका अवसरमा ठूलो मेला लाग्ने गरेको हो ।

'पाँच डमरु जन्माउने बघिनीलाई लक्ष्मी र पाँच डमरु भिक्षु मानिएको हो, राजकुमारले बघिनीलाई बचाएर आफूले देहत्याग गरेपछि राजारानी सोही नजिकै बाँकी जीवन चैत्यसेवामा बिताउनुभएको थियो', लामागुरु लामा भन्छन्, 'तत्पश्चात् राजारानी शङ्केश्वरी अजि–अजिमाको नामले चिनिनुहुन्छ ।' संवत् ९७४ मा गन्धमान पर्वतकै टुप्पोमा अस्थिपञ्जर जम्मा गरी स्तुपा (चैत्य) बनाएको अभिलेख पाइन्छ । उक्त पर्वत आठ हजार फिटको उचाइमा रहेको छ ।

उक्त पर्वतमा राजकुमारले बघिनीलाई आफैँले शरीरको मासु काटेर खुवाइरहेको दृष्य कुँदिएको मूर्ति रहेको छ । नमोबुद्धमा सधैँजसो स्वदेशलगायत विदेशका बौद्धमार्गीको चहलपहल हुने गरेको स्थानीय राकेश लामा बताउनुहुन्छ । उहाँका अनुसार मेलामा यस वर्ष पनि छिमेकी जिल्ला सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, भक्तपुर, ललितपुर, काठमाडौँ, धादिङ, नुवाकोट लगायतबाट सहभागिता रहने गर्दछ ।

नमोबुद्धमा भाद्र कृष्ण द्वादशी र चैत्र कृष्ण द्वादशीको दिन पनि मेला लाग्ने गर्दछ । प्रचलनअनुसार धार्मिक भाद्र कृष्ण द्वादशीको दिन नमाबुद्धको खटलाई पनौतीस्थित राजदरबारमा ल्याई दुई दिपंकर बद्ध, अजा अजिमाँसहितको भव्य जात्रा आयोजना गर्ने गरिन्छ । राजकुमारको जन्मघर काशीवर्ण महावीरअर्थात् हाल पनौतीको प्रसिद्ध तलेजु भवानी नजिक हो ।

धेरैजसो बुद्धमार्गी पनौतीभन्दा नमोबुद्धस्थल जाने गरेको पाइन्छ । उक्त गन्धमान पर्वत (हालको पर्यटकीय नमोबुद्ध)मा कल्पवृक्ष, रुद्राक्ष, अशोक, मसला, उत्तिस, सल्ला, अग्राख, लप्सी, कपुर, काफल, श्रीखण्डजस्ता सयौँ प्रकारका रुखबिरुवा तथा बाघ, भालु, बँदेल खरायो, हरिणजस्ता जन्तु पाइन्थ्यो । साथै, मयुर, हाँस, वनकुखुरालगायत पक्षी उक्त जङ्गलमा पाइने गरेकोमा हाल पाइन छाडेको लामा बताउँछन् ।

पनौतीबाट शङ्खु उपत्यका हुँदै र पर्यटकीय नगरी धुलिखेलबाट हाइकिङ गर्दै नमोबुद्ध पुग्न सकिन्छ । हाल उक्त स्थानमा विशाल गुम्बा, मन्दिर, गुम्बा र चैत्य छन् । गुम्बामा बुद्ध पाठशालासमेत सञ्चालनमा छ । केन्द्रीय राजधानी काठमाडौँबाट ३२ किलोमिटरको दूरीमा अवस्थित धुलिखेलबाट १८ किलोमिटर दक्षिणी दूरीमा नमोबुद्ध पर्दछ । यस क्षेत्रमा लामा, महायानी गुम्बा, ढुङ्गाद्वारा निर्मित ठूलाठूला बुद्धमूर्ति, चैत्य रहेका छन् । 'नमोबुद्ध महासत्व देगाल' सामान्य नेवारी घरशैलीको मन्दिर पनि रहेको छ । यस पर्वतबाट ऐतिहासिक पनौतीलगायतका हरियाली बस्ती तथा पूर्व–उत्तरतर्फका हिम शृङ्खला र पहाडी मनमोहक दृष्यावलोकन गर्न सकिन्छ । रासस

# माईपोखरीमा 'माईपोखरी बहुधार्मिक महोत्सव'



**इलाम ।**
सन्दकपुर गाउँपालिका–३ स्थित धार्मिक–पर्यटकीय क्षेत्र माईपोखरीमा हरिबोधनी एकादशीका अवसरमा दुई दिने बहुधार्मिक महोत्सव आयोजना गर्न हुने भएको छ ।

माईपोखरीलाई धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास गर्ने, धार्मिक सहिष्णुता र बहुधार्मिक तीर्थका रुपमा प्रवद्र्धन तथा बहुआयमिक अनुसन्धानस्थलका रुपमा विकास गर्ने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको आयोजक समिति अध्यक्ष प्रेम नाछिरिङ राईले बताए ।

यही कात्तिक २६ र २७ मा सञ्चालन हुने महोत्सवमा विभिन्न हिन्दू, बौद्ध र किरात धर्मगुरुले पूजापाठ, मन्त्रोच्चरण समेत गर्ने उनले जानकारी दिए । 'माईपोखरीको पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले बहुधार्मिक महोत्सव आयोजना गरिएको छ', अध्यक्ष राईले भने, 'महोत्सवमा धार्मिक प्रवचनका साथै विभिन्न क्षेत्रको दृश्यावलोकन समेत गराइनेछ ।'

महोत्सवमा माईपोखरी दर्शन तथा अवलोकन, माईपोखरी परिसरका सत्यधुनी पाठशाला, शिवालय, यज्ञकुण्ड, साधुकुटी, बौद्धगुम्बा, तीनचुलो, युमाथान अवलोकन तथा हिन्दू, बौद्ध र किरात धर्मको धार्मिक प्रवचन सुन्न पाइने छ । त्यस्तै विभिन्न सांस्कृतिक झाँकी प्रदर्शन, भेशभूषा प्रदर्शन एवं जातीय सांस्कृतिक परिकार प्रदर्शन गरिने अध्यक्ष राईले बताए । यहाँ आउने पर्यटकले फूल, आलु, मूला, अर्गानिक चिया र तरकारीको प्रदर्शन गरिनेछ ।

महोत्सवमा आन्तरिक र बाह्य गरी ५० हजार पर्यटक र भक्तजनलाई माईपोखरी भ्रमण गराउने आयोजकको लक्ष्य छ । माईपोखरी पुग्ने पर्यटकलाई खान र बस्नका लागि होमस्टेको व्यवस्था गरिएको आयोजक समिति कोषाध्यक्ष निर्मला निरौलाले बताए । नौवटा कुन रहेको माईपोखरीमा पूजापाठ गरेमा मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास छ ।

दुई हजार एक सय २१ मिटर अग्लो डाँडामा रहेको माईपोखरीको दुई हेक्टर जलाशय र १२ हेक्टर सिमसारलाई अत्यन्त संवेदनशील मानिएको छ । बाक्लो कुहिरोले छाडेर आकाश खुल्नसाथ माईपोखरी निकै मनमोहक देखिन्छ ।

हरेक वर्ष हरिबोधनी एकादशी र नयाँ वर्षमा यहाँ ठूलो धार्मिक मेला लाग्ने गर्दछ । यस पटक भने महोत्सव नै आयोजना गरिएको आयोजक समिति सदस्य लिला भट्टराईले बताइन् । 'विगतमा यहाँ धार्मिक मेला लाग्ने गर्दथ्यो, यसपटक हामीले बहुधार्मिक महोत्सव नै आयोजन गर्ने जमर्को गरेका छौँ', उनले भने, 'यसले माईपोखरीको पर्यटन प्रवद्र्धनमा योगदान गर्नेमा विश्वस्त छौँ ।'

माईपोखरी सन् २००८ अक्टोबर २८ मा दक्षिण कोरियाको चाङबाङमा सम्पन्न रामसार महासन्धिको दशौँ बैठकले विश्व सम्पदा सूचीमा राखेको छ । माईपोखरी जान इलाम सदरमुकामबाट उत्तरमा बिब्लयाँटे बजार हुँदै आधा जति कालोपत्रे र आधा जति कच्ची गरी १३ किलोमिटर सडक पार गर्नुपर्ने हुन्छ । रासस

# बत्तीस वर्षपछि पनि उत्तिकै लोकप्रिय 'कन्दरा'



**काठमाडौँ ।**
२६ वर्षअघिको कुनै दिन । सरुभक्त श्रेष्ठका रचनाहरु कन्दरा ब्यान्डका 'भोकलिस्ट' विवेक श्रेष्ठको हातमा पर्यो । जुन रचना पढ्यो उत्तिकै लोभ लाग्दो । कुन रोज्ने, कुन छोड्ने ? गीत छनोटमा उनी दुविधामा परे । तिनै रचना मध्ये, 'हङकङ पोखरा निर्मोही आफ्नो को छ र ?' बोलको गीतमा गायक श्रेष्ठको नजर पर्यो ।

सोही गीत छनोट गरी गाए । जुन गीतले सोच्दै नसोचेको सफलता प्राप्त गर्यो । उक्त गीत हालसम्म पनि श्रोतामाझ उत्तिकै लोकप्रिय छ । श्रेष्ठ भन्छन्, 'ऊ बेला काँचै उमेरको थिएँ । विदेसिनु के हो थाहा थिएन । ख्यालख्यालैमा रोजेर गाएको गीत अहिलेसम्म सदावहार छ ।'

श्रेष्ठले कन्दरा ब्यान्डका हरेक गीतमा यस्तै कथा र व्यथा समेटिएको बताए । नोस्टाल्जिक हुँदै उनले भने, 'आफैँ विदेसिएपछि मात्रै यो गीतको मर्म महसुस गरेँ ।'

युवा विदेसिनुको घाउ दिनानुदिन चर्कँदै छ । यस गीतको लोकप्रियता युवा माझ कति थियो भन्ने कुरा गत शनिबार मात्रै ठमेलस्थित एलओडी क्लबमा कन्दरा ब्यान्डको कन्र्सटमा झल्कियो । ३२ वर्ष पुरानो यो ब्यान्डको ओझले दर्शक तानिएकै थिए । जब 'हङकङ पोखरा ।' गीत गायक विवेक श्रेष्ठले गाए । त्यसपछि दर्शकको उत्साहको सीमा रहेन । 'वान्समोर'सँगै विवेकले त्यही गीत दोहो¥याएर गाउन बाध्य भए ।

*'विदेसिनु लेखियो कर्मैमा*
*भाला रोपी नबोल मर्मैमा*
*जीउ त हैन ढुङ्गाको छपनी*
*आउँला माया नमरे म पनि*
**हङकङ पोखरा निर्मोही आफ्नो को छ र ?'**

गायक श्रेष्ठले युवाको मन छुने गीतमध्ये यो निकै रुचाईएको बताए । विभिन्न कन्सर्टहरुमा प्रायः यही गीतको फर्माइस हुन्छ । विदेशमा होस् या स्वेदशमा, हङकङ पोखरा रोजाइमा पर्छ । 'यो गीत मनपराउनुको खासियत प्रष्ट छ', श्रेष्ठ भन्छन्, 'दिनप्रति दिन युवाहरु पलायन हुने क्रम बढ्दो छ । यो गीतमा आफ्नै कथा पाउँछन् । त्यसैले रुचाइएको हुनुपर्छ ।' हङकङ पोखराले समाजको जीवन्तता समेटे जस्तै कन्दरा ब्यान्डको इतिहास पनि रचेको छ ।

सन् १९९० को प्रारम्भमा पोखरामा स्थापित कन्दरा ब्यान्डले निरन्तर पप र आधुनिक गीत सङ्गीतको फ्युजनमार्फत युवा माझ बेग्लै छाप छोड्न सफल भएको छ । वर्ष गाँठको अवसरमा ब्यान्डले पहिलो पटक काठमाडाँैमा कन्र्सट गरेको गायक श्रेष्ठले बताए । 'कन्दराका यस्ता अरु गीत पनि छन्, जुन सधैँ ताजा र जवान छन्', उनले भने, 'नेपाली माटोका सुगन्ध समेटिएका गीत भएकाले स्रोताले हामीलाई अझै उत्तिकै माया गरिरहेका छन् ।' यिनै कथा व्यथाको उत्सव मनाउन यति बेला कन्दरा ब्याण्डले ३२ वर्षपछि वार्षिक उत्सव मनाएको श्रेष्ठले बताए ।

कन्दराका गायक विवेक श्रेष्ठसहित गितारमा देव लामा, बेसिस्टमा पंकज झा, ड्रमरमा सुनिल थापा, मादलमा अविनाश गायक र किबोर्डमा नील घतानी मञ्चमा प्रस्तुत भएका थिए । कन्दराले 'तगारोमा रुमाल राखी बाटो छेकिन उनले', 'तिमी परी', 'लेककी हे माया', 'विदेसिएर गइन् उनी', 'हङकङ पोखरा' जस्ता चर्चित गीत प्रस्तुत गरेको थियो ।

आफ्ना गीतसँगै कन्दराले गोपाल योञ्जन, रञ्जित गजमेर लगायतका पाका पुस्ताका गीतसमेत प्रस्तुत गरेको थियो । वार्षिक उत्सव मनाउने क्रममा कन्दराले विश्वव्यापी अभियान स्वरुप 'पहिले घर देश, अनि परदेश' साङ्गीतिक यात्रा सुरु गर्न लागेको हो । यो अभियान नेपाली सङ्गीतलाई नेपालमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा पनि प्रवर्द्धन गर्ने उद्देश्य रहेको गायक श्रेष्ठले बताए ।

उनका अनुसार नेपाली संस्कृतिको गहिराइ देखाउने उद्देश्यका साथ यो भ्रमण सन् २०२५ को जनवरीमा बेलायत र दुबई, फेब्रुअरीमा जापान, मार्च र अप्रिलमा अस्ट्रेलिया र न्यूजिल्याण्ड, मेमा अमेरिका, जुनमा क्यानडा र अन्तमा जुलाईदेखि अगस्टसम्म युरोपमा सम्पन्न हुनेछन् । रासस

# नेता निधिद्वारा युवा संकल्प यात्रालाई जनकपुरधाममा स्वागत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
झापाको मेचीनगरबाट कांग्रेसको युवा संकल्प यात्रा सोमबार जनकपुरधाम पुगेको छ । नेपाली कांग्रेस महासमिति सदस्य एवम् नेपाल तरुण दलका पुर्व केन्द्रिय महामन्त्री भूपेन्द्रजंग शाहीलगायतको समन्वयमा युवा टोली मेचीनगरदेखि महनेन्द्रनगरसम्म संकल्प यात्रा गरिहेका छन् । सोमबार नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधिले आफ्नो निवास जनकपुरधाममा स्वागत तथा सम्मान गरेका छन् । प्रतिनिधि सभा सदस्य समेत रहेका नेता निधिले युवा संकल्प यात्राको सम्पूर्ण टिमलाई सफलताको शुभकामना दिए । भ्रष्टाचार उन्मुलन र सुशासन, युवालाई रोजगारीको सुनिश्चितता, महँगी र मूल्यवृद्धि नियन्त्रणलगायत विभिन्न एजेन्डाहरूमा केन्द्रित रहेर पूर्व–पश्चिम संकल्प यात्रा शुरू गरिएको शाहीले बताए । उनले सरकार नागरिकमैत्री हुनुपर्ने, नागरिकलाई सहज जीवनयापनका लागि राहत तथा सहुलियत दिनुपर्ने, हरेक क्षेत्रमा युवाको अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्ने पनि शाही बताए । सहकारी पीडितलाई तत्काल राहत तथा बचत फिर्ता गरिनुपर्ने, उद्यमशीलता, नवप्रवर्तन तथा कृषिमा लगानी वृद्धि गरिनुपर्ने, सहकारी बचत ठगी गर्नेलाई कारबाही गरिनुपर्ने बताए । 'गल्ती गर्नेहरू जेल जान्छन् यसमा आग्रह र पूर्वाग्रह भन्ने हुँदैन। हामी सरकारलाई आग्रह गर्दछौं– सहकारी बचत दुरूपयोग गर्ने जुनसुकै पार्टी भए पनि कारबाही गरिनुपर्छ,' 'वाइडबडी, गिरीबन्धु टीइस्टेटलगायत काण्डबारे पनि यो सरकारले छानबिन गरोस् ।'
सहकारीमा नागरिकहरूले गरेको बचत फिर्ता हुनुपर्ने पनि उनले बताए । जनताको जीवनशैली परिवर्तनका लागि राजनीति केन्द्रित हुनुपर्ने शाहीले बताए । 'महँगी, मूल्यवृद्धि नियन्त्रणमा समेत सरकारले पहल गरोस् ।
यात्रामा ४० जनाको टोली रहेको नेविसंघका केन्द्रिय सदस्य विनोद साही ठकुरीले जानकारी दिए । युवा संकल्प यात्रामा सविधानसभा सदस्य एवम् नेविसंघका पूर्व केन्द्रीय सभापति रंजित कुमार कर्ण, युवा नेताहरू धमेन्द्र नेम्वाङ, पशुपति पोखरेल,शेख वकिल, प्रेमिका राना, नरेश यादव, चन्द्रा देवी जोशी लगायत रहेका छन् । त्यस्तै राष्ट्रिय कलाकारहरू राधिका हमाल, उदिराम खड्का, सुनिल थापा, लेलिया विश्वकर्मा र उनीहरूले युवामैत्री सन्देशमूलक गीतहरूको माध्यमबाट सांस्कृतिक प्रस्तुति गर्दै आएको बताए । युवा संकल्प यात्रा कार्तिक २३ गतेदेखि आरम्भ भएको हो ।



**सामा–चकेवा मूर्तिकला निर्माण कार्यशालामा सहभागीहरु:** मैथिली मौलिक संस्कृतिको संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र मैथिली विकास कोषको आयोजनामा जनकपुरधाममा शुरु भएको सामा–चकेवा मूर्तिकला निर्माण कार्यशालामा सहभागीहरु । तस्बिरः निरंजनकुमार साह/रासस

# प्रादेशिक अस्पतालमा ६ महिनादेखि सिटी स्क्यान मेसिन बिग्रेर थन्कियो

**मधेशदृष्टि**
**धनुषा ।**
जनकपुरधामको प्रादेशिक अस्पतालमा ६ महिनादेखि सिटी स्क्यान मेसिन बिग्रेर थन्किएको छ । अस्पतालमा दैनिक आउने १० देखि १५ जना गम्भीर प्रकृतिका बिरामी सिटी स्क्यान गराउन निजी प्रयोगशालामा जान बाध्य छन् । करिब १० वर्षदेखि सञ्चालित फिलिप्स कम्पनीको सिटी स्क्यान मेसिन ६ महिनाअघि बिग्रेपछि मर्मत गरिएको छैन । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार डा. विनोद यादवका अनुसार वर्षाको पानी चुहिएर सिटी स्क्यान मेसिनको ट्युब खराब भएको छ । यसलाई मर्मत गर्न ९० लाख रुपैयाँ पर्ने उनको भनाइ छ । चालु आर्थिक वर्षमा मधेश सरकारले सिटी स्क्यान मेसिन किन्न जनस्वास्थ्य आपूर्ति केन्द्रलाई बजेट दिएको छ । त्यसैले अस्पतालले पुरानो मेसिनलाई धेरै रकम खर्च गरेर बनाउनुभन्दा जनस्वास्थ्य आपर्ति केन्द्रले नै नयाँ मेसिन किनेर दिने प्रतिक्षामा थियो । यसकारण पनि बिग्रेको २÷३ महिनासम्म बनाउने कि नबनाउने भनेर अलमल भएको रजिष्ट्रार यादवको भनाइ छ । तर खरिद गर्न लामो समय लाग्ने देखेपछि बिग्रेकै मेसिन बनाउन सुरु गरेको उनले बताए । सिटी स्क्यान मेसिन बिग्रिँएका बेला चिकित्सकले कमिसनको लोभमा बिरामीलाई आवश्यक नहुँदा पनि निजी प्रयोगशालामा सिटी स्क्यान गराउन बाध्य गराएको पाइएको एक चिकित्सकले बताए । निजी प्रयोगशालामा सिटी स्क्यान गरेको १० देखि २५ हजार रुपैयाँसम्म शुल्क लाग्छ । जुन प्रादेशिक अस्पतालमा ४ देखि १० हजार रुपैयाँमा हुने थियो ।
आफ्नो स्वास्थ्य उपकरण खरिद गर्न स्वास्थ्य आपूर्ति केन्द्रलाई बजेट दिएकामा अस्पतालका अधिकारीहरु असन्तुष्ट छन् । अस्पताललाई बजेट, जनशक्तिलगायतमा उपेक्षा गर्दा स्वास्थ्य सेवा प्रभावित भएको उनीहरुको भनाइ छ ।

# अस्ट्रेलिया पठाइदिने भन्दै ठगी गर्ने पर्साका बख्रेल र खनाल पक्राउ




**मधेशदृष्टि**
**वीरगंज ।**
वैदेशिक रोजगारीमा अस्ट्रेलिया पठाइदिने भन्दै ठगी गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्साको पटेर्वा सुगौली गाउँपालिका–२ रङ्गपुर टाडी घर भई काठमाडौंको बूढानीलकण्ठ बस्ने ३४ वर्षीय सुदीपचन्द्र बख्रेल र रङ्गपुर टाडी नै घर भई ललितपुरको सानेपा बस्ने ३३ वर्षीय सुरज खनाल रहेका छन् । बख्रेल र खनालले बेरोजगार युवायुवतीहरूलाई आकर्षक तलबको प्रलोभनमा पारी अस्ट्रेलिया लैजाने भन्दै १२ लाख रुपैयाँ उठाएर सम्पर्कविहीन भएका प्रहरीले जनाएको छ । उनीहरूलाई काठमाडौंको नक्सालबाट पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक अंगुर जिसीले बताए ।

# उपनिर्वाचनका लागि कांग्रेसले तोक्यो जिम्मेवारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसले मधेश प्रदेशमा रहेका स्थानीय तहमा हुने उपनिर्वाचनका लागि नेता खटाएको छ । मधेश प्रदेश समितिको बैठकले नेताहरुलाई जिल्लागत जिम्मेवारी तोकेको छ ।
धनुषामा मधेशका पूर्वमन्त्री रामशरोज यादव, सप्तरीमा महामन्त्री उपेन्द्र यादव र सहमहामन्त्री पर्शुराम चौधरी, महोत्तरीमा नरेन्द्र यादव, रौतहटका लागि सहमहामन्त्री जयनारायण यादव, प्रदेश सदस्य सूर्यबहादुर थापालाई जिम्मेवारी दिईएको छ । मंसिर १६ मा हुने उपनिर्वाचनमा मधेशमा सप्तरी २, धनुषा १, महोत्तरी १ र रौतहट ३ का गरी ७ वटा वडाअध्यक्षका लागि निर्वाचन हुँदैछ । प्रदेश समिति बैठकले निर्वाचन हुने वडामा उप समिती बनाई र परिचालन गर्ने निर्णय भएको मधेश प्रदेशका प्रचार विभाग प्रमुख नितेश गुप्ताले जानकारी दिए । उक्त बैठकले आवश्यकता अनुसार प्रचारप्रसार समिति गठन गर्ने निर्णय गरको छ । पार्टी केन्द्रबाट सञ्चालित १०० दिने केन्द्रीय अभियान र क्रियाशील सदस्यता वितरण लगायतका विषयमा छलफल भएको गुप्ताले जानकारी गराए । तल्लो तहसम्म कांग्रेस एमालेको संयन्त्र बनाउने केन्द्रको निर्णय अनुसार कांग्रेसका मधेश प्रदेश सभापति कृष्ण यादवको संयोजकत्वमा तीन सदस्य संयन्त्र बनाइएको छ । सरकारलाई सफल बनाउन स्तरीय दुई दलीय राजनीतिक संयन्त्र बनाएको कांग्रेसले जनाएको छ ।

# उपनिर्वाचनका लागि निर्वाचन अधिकृत नियुक्त

**मधेशदृष्टि**
**वीरगंज ।**
स्थानीय तह उपनिर्वाचनका लागि निर्वाचन आयोगले निर्वाचन अधिकृत नियुक्त गरेको छ । १६ मंसिरमा हुने उपनिर्वाचनका लागि ३२ जना जिल्ला न्यायाधीश, ६ जना राजपत्राङ्कित कर्मचारीलाई तोकिएको आयोगले जानकारी गराएको छ । सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नम्बर १ र ४ मा अध्यक्षका लागि हुने निर्वाचनका लागि जिल्ला अदालत सप्तरीका न्यायाधीश दीपककुमार दाहाललाई तोकिएको छ । यसैगरी धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर १ मा धनुषा जिल्ला अदालतका न्यायधीश चुरामन खडकालाई नियुक्त गरिएको छ । यस्तै महोत्तरीको रामगोपालपुर नगरपालिका–२ मा अध्यक्षका लागि हुने निर्वाचनका लागि महोत्तरी जिल्ला अदालतका न्यायाधीश राजकुमार कोइरालालाई मुख्य निर्वाचन अधिकृत तोकिएको छ । त्यसैगरी रौतहटको ईशनाथ–७ मा रौतहट जिल्लामा अदालतका न्यायधीश मनोज केसी, राजपुर नगरपालिका–६ का रौतहट जिल्ला अदालतका स्रेस्तेदार उद्धवकुमार ढोडारीलाई तोकिएको छ । रौतहटकै गढीमाई नगरपालिका वडा नम्बर ८ मा हुने निर्वाचनका लागि जिल्ला सरकारी वकिल कार्यालय रौतहटका जिल्ला न्यायधिवक्ता मुहम्मद मुन्नालाई निर्वाचन अधिकृतको जिम्मा दिइएको छ ।३० कात्तिकमा सम्बन्धित स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने आयोगले जनाएको छ । दुई जिल्लामा जिल्ला समन्वय समितिको प्रमुख सहित १६ मंसिरमा निर्वाचन हुँदैछ ।

# छात्राहरुको लागि आत्मा रक्षा तालिम हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको आयोजना तथा नेपाल भारत सहयोग मंचको समन्वयमा सयौं छात्रालाई आत्मारक्षा तालिम हुने भएको छ । बुधबार आदर्शनगरस्थित रंगशालामा आत्मरक्षा तालिम दिने बारे विभिन्न संघ संस्थाका पदाधिकारी, स्वास्थ्यकर्मी, कर्मचारीसँग वीरगंज महानगरले छलफल गरेको छ । सोमबार महानगरका मेयर राजेशमान सिंहको अध्यक्षतामा बसेको बैठकले छात्राहरुलाई आत्मरक्षा तालिम दिने तयारी बारे छलफल गरेको हो । पहिलोपटक करिब ५ हजारको संख्यामा छात्राहरुलाई सहभागी गराएर आत्मरक्षाका लागि तालिम गर्न लागेको मेयर सिंहले बताए ।



नेपालका लागि आधिकारिक बिक्रेता : देवकी ट्रेडर्स
मो. 9855021614

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन